
Update:
25.5.2021

# डुङ्गेश्वर
# गाउँपालिका
# खानेपानी रणनिति
# २०७७-२०८७

**(अन्तिम मसौदा)**



# डुङ्गेश्वर गाउँपालिका
# दैलेख
# कर्णाली प्रदेश, नेपाल

# विषय सुची


# १ परिच्छेद १ :खानेपानी रणनीतिको परिचय ........ ७

१.१ परिचय ........ 7

१.२ परिकल्पना ........ 9

१.३ उदेश्य ........ 10

१.४ सिद्धान्त ........ 10

१.५ परिभाषा :खानेपानी सेवा स्तर ........ 11

१.६ खानेपानी सेवा स्तर सर्भेक्षण ........ 14

# २ परिच्छेद २ :गाउँपालिकाको प्रोफाइल ........ २१

२.१ गाउँपालिकाको सम्क्षिप्त परिचय ........ 21

२.२ गाउँपालिकाको भौगोलिक अवस्था ........ 22

२.२.१ भौगोलिक अवस्थिति ........ 22

२.२.२ क्षेत्रफ़ल ........ 23

२.२.३ वर्तमान भूउपयोग ........ 24

२.२.४ नदि, खोला तथा ताल तलैया ........ 24

२.२.५ जलवायु तथा जलवायु परिवर्तनको जोखिम ........ 25

२.३ गाउँपालिकाको जनसंख्या बनौट ........ 28

२.३.१ वडा अनुसार घरधुरी तथा जनसख्या ........ 28

२.३.२ उमेर तथा लिङ्ग समूह अनुसार जनसख्या ........ 29

२.३.३ जातजातिका आधारमा जनसख्या ........ 30

२.३.४ अपांगताका आधारमा जनसख्या ........ 31

२.४ गाउँपालिकाको मुख्य भौतिक संरचना तथा सेवा अवस्था ........ 33

२.४.१ सडक संजालको अवस्था ........ 33

२.४.२ शैक्षिक संस्थाहरु ........ 35

२.४.३ स्वास्थ्य संस्थाहरु ........ 36

२.५ गाउँपालिकाका नागरिकहरुको आर्थिक अवस्था ........ 37

२.५.१ मुख्य ब्यबसाय ........ 37

२.५.२ गाउँपालिकाबाट निकासी हुने वस्तुहरु ........ 38

२.५.३ कृषि योग्य जमिन र सिंचाई सुबिधा ........ 38

२.५.४ बन क्षेत्र तथा ब्यबस्थापन ........ 39

२.५.५ आर्थिक रुपले सक्रिय जनसंख्या ........ 40

२.५.६ विपन्नता स्तरीकरण ........ 41

२.६ खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था ........ 42
२.७ डु ङ्गे श्वर गाउँपालिकाको संगठनात्मक संरचना ........ 46
२.८ हाल गाउँपालिकामा कार्यरत विकास साझेदारहरु र संघिय/प्रदेश सरकार स्तरीय आयोजनाहरु ........ 50

**३ परिच्छेद ३ .खानेपानी अबस्थाको विस्लेषण ........ ५२**

३.१ विद्यमान खानेपानी आयोजना ........ 52
३.२ खानेपानीको गुणस्तर परिक्षण ........ 53
३.३ खानेपानीको सेवास्तर विश्लेषण ........ 55
३.३.१ खानेपानीको गुणस्तर सेवास्तर ........ 55
३.३.२ खानेपानीको परिमाण सेवास्तर ........ 56
३.३.३ खानेपानीको पहुँच सेवास्तर ........ 57
३.३.४ खानेपानीको विश्वसनीयता सेवास्तर ........ 57
३.३.५ खानेपानीको समग्र सेवास्तर ........ 59
३.३.६ खानेपानीको समग्र सेवास्तर निम्न हुनुका कारणहरुको विश्लेषण ........ 60
३.३.७ अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था ........ 69
३.४ निर्माणाधीन खानेपानी आयोजनाहरु ........ 72
३.५ खानेपानी आयोजना नपुगेका बस्तिहरु ........ 74
३.६ खानेपानी आयोजनाको निर्माण अवस्था अनुसारको घरपरिवार संख्या विश्लेषण ........ 75

**४ परिच्छेद ४ :खानेपानी लक्ष्य, रणनीति तथा प्राथमिकता ........ ७७**

**५ परिच्छेद ५ :कार्यन्वयन रणनीति ........ ८१**

**६ परिच्छेद ६ :संस्थागत संरचना तथा विस्तार ........ ८५**

**७ परिच्छेद ७ :कार्य योजना तथा बजेट प्रक्षेपण ........ ८८**

७.१ गाउँपालिकाको आयश्रोत अनुमान ........ 88
७.२ गाउँपालिकाको क्षेत्रगत बजेट ........ 90
७.३ खानेपानी रणनीतिक कार्य योजना सन् २०२१-२०३० ........ 91
७.४ खानेपानी रणनीति सन् २०२१-२०३० बजेट प्रक्षेपण ........ 100
७.५ श्रोत परिचालन रणनीति ........ 101

**८ परिच्छेद ८ :अनुगमन र समिक्षा ........ १०३**

# अनुसूचीहरु:

一.    खानेपानी रणनीतिक कार्ययोजना अनुसारका विद्यमान आयोजनाहरुको सुची
二.    निर्माणाधीन खानेपानी आयोजनाहरुको सुची
三.    खानेपानी आयोजना पुग्न नसकेका वस्तीहरुको सुची

# तालिकाहरु


तालिका नं.१ :खानेपानी सेवा स्तर विश्लेषणमा प्रयोग भएका खानेपानी सेवास्तर सूचक तथा उपसूचकहरु....15
तालिका नं.२ :खानेपानी रणनीति कार्यन्वयन गर्दा प्रयोग हुने समावेशी खानेपानी सेवास्तर सूचकहरु....20
तालिका नं ३ :डु ङ्गे श्वर गाउँ पालिकाको वडागत क्षेत्रफ़ल् विवरण....23
तालिका नं ४ :डु ङ्गे श्वर गाउँ पालिकाको भू-उपयोग अवस्था....24
तालिका नं ५ :डु गे श्वर गाउँ पालिका वडा नं २ को सहभागितामू लक मौ समी पात्रो....26
तालिका नं ६ :प्रकोपबाट भएको क्षति सम्बन्धि विवरण....27
तालिका नं ७ :वडाअनुसारको जनसान्खिकीय विवरण....29
तालिका नं ८ :उमेर तथा लिङ्ग अनुसार डु ङ्गे श्वर गाउँपालिकाको जनसंख्या बिबरण....29
तालिका नं ९ :जातजातिको आधारमा जनसंख्या विवरण....31
तालिका नं१० :भिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको विवरण....32
तालिका नं११ :सडक संजालको विद्यमान अबस्थाको विवरण....34
तालिका नं१२ :निर्माणाधीन गाउँपालिका स्तरीय सडक संजालको विवरण....34
तालिका नं१३ :शैक्षिक संस्थाहरुको विवरण....35
तालिका नं१४ :गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण....36
तालिका नं१५ :मुख्य ब्यबसाय सम्बन्धि विवरण....37
तालिका नं१६ :गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुहरुको विवरण....38
तालिका नं१७ :वडा अनुसार कृषि योग्य जमिन र सिंचित क्षेत्रफ़ल्....39
तालिका नं१८ :गाउँपालिकामा रहेको बन क्षेत्र तथा ब्यबस्थापन विवरण....40
तालिका नं१९ :आर्थिक रुपले सक्रिय उमेरका जनसख्याको विवरण....40
तालिका नं २० :वडा अनुसार विपन्नता स्तरीकरण मापनको बिबरण....41
तालिका नं २१ :डु ङ्गे श्वर गाउँपालिकामा कार्यरत विकास साझेदारहरु र संघिय/प्रदेश सरकार स्तरीय आयोजनाहरुको विवरण....50
तालिका नं २२ :खानेपानी आयोजना संख्या र सेवा वितरण....52
तालिका नं २३ :धारा जडानको प्रकार अनुसार विद्यमान पाइपलाइन आयोजनाबाट सेवा %....53
तालिका नं २४ :हाल संचालनमा रहेका खानेपानी आयोजनाबाट वितरित धाराको पानीमा इ-कोलाई परिक्षणको नतिजा.54
तालिका नं २५ :डु ङ्गे श्वर गाउँ पालिकामा गुणस्तर सेवा स्तर....55
तालिका नं २६ :डु ङ्गे श्वर गाउँ पालिकामा परिमाण सेवा स्तर....56
तालिका नं २७ :डु ङ्गे श्वर गाउँ पालिकामा खानेपानीको पहुँच सेवा स्तर....57

तालिका नं २८ :डु ङ्ने श्वर गाउँ पालिकामा विश्वसनीयता सेवा स्तर....58
तालिका नं २९ :डु ङ्ने श्वर गाउँ पालिकामा समग्र सेवा स्तर.... 59
तालिका नं ३० :आयोजनाका घरपरिवारहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था )घरपरिवार संख्या(....60
तालिका नं ३१ :आयोजनाका घरपरिवारहरुको सूचक अनुसारका सेवा स्तर र समस्टिगत सेवास्तर अवस्था )घरपरिवार (% ....61
तालिका नं ३२ :आयोजनाका घरपरिवारहरुको खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु....62
तालिका नं ३३ :स्वास्थ्य संस्थाहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था )स्वास्थ्य संस्था संख्या(.. 64
तालिका नं ३४ :स्वास्थ्य संस्थाहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था )स्वास्थ्य संस्था(%....64
तालिका नं ३५ :स्वास्थ्यसंस्थामा खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्नस्तर हुनुका कारणहरु....65
तालिका नं ३६ :विद्यालयहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था )विद्यालय संख्या(....67
तालिका नं ३७ :विद्यालयहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था )विद्यालय(%....67
तालिका नं ३८ :विद्यालयहरुको खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु.68
तालिका नं ३९ :एसएनभी नेपालको सर्भेक्षण अनुसार डु ङ्ने श्वर गाउँपालिकामा अपांगता भएका व्यक्तिहरुको विवरण ....69
तालिका नं ४० :अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था विवरण.... 70
तालिका नं ४१ :लिङ्ग अनुसार अपांगता भएका व्यक्तिहरुको विवरण.... 71
तालिका नं ४२ :१० देखि ५० वर्ष उमेरका अपांगता भएका महिलाहरुको विवरण....71
तालिका नं ४३ :हालै सम्पन्न भएका खानेपानी आयोजनाहरुको विवरण....72
तालिका नं ४४ :हाल निर्माणाधिन रहेका खानेपानी आयोजनाहरुको विवरण....73
तालिका नं ४५: हाल खानेपानी आयोजना नभएका बस्तिहरुको विवरण.... 74
तालिका नं ४६ :खानेपानी आयोजना नपुगेका बस्तिहरुमा जातजाति अनुसार घर परिवार संख्या....74
तालिका नं ४७ :डु ङ्ने श्वर गाउँपालिकामा खानेपानी आयोजना पुगेका र आयोजना पुग्न नसकेका बस्तिहरुमा घर संख्या, स्वास्थ्य संस्था संख्या र विद्यालय संख्या....76
तालिका नं ४८ :डु ङ्ने श्वर गाउँ पालिकाको आवधिक यो जना अनु सार आ.व. २०७६।७७–२०८०।८१ सम्म पाचं बर्ष का लागि आय प्र क्षे पण....89
तालिका नं ४९ :गाउँपालिकाको आवधिक योजना २०७६/७७-२०८०/८१ अनुसार ५ वर्षको क्षेत्रगत् बजेट....90
तालिका नं ५० :डु ङ्ने श्वर गाउँ पालिकाको रणनीतिक कार्ययोजना तथा लगानी अनुमान....94
तालिका नं ५१ :डु ङ्ने श्वर गाउँ पालिकाको खानेपानी रणनीति सन् २०२१-२०३० कार्यन्वयन गर्न लाग्ने बार्षिक लागत प्रक्षेपण....100
तालिका नं ५२ :खानेपानी रणनीति कार्यन्वयन अनुगमन तथा समिक्षा तालिका.... 104

# चित्रहरु

चित्र नं . १: दै ले खको विगत ३० वर्ष को जलवायु प्र वृ त्ति.... 25
चित्र नं . २: विगत ३० वर्ष को तापक्रम वृ द्धि तथा वर्षा को प्र वृ त्ति.... 26
चित्र नं .३: डु ङ्ने श्वर गाउँपालिकाको संगठनात्मक ढांचा.... Error! Bookmark not defined.

# शब्द सन्क्षेप

| | |
|---|---|
| एस.डी.ज़ी. | दिगो विकास लक्ष्य सन् २०१६-२०३०, संयुक्त राष्ट्र संघ |
| एस.डी.पी. | नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७, नेपाल सरकार खानेपानी मन्त्रालय |
| नेपाल रोडम्याप | नेपालः दिगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७, नेपाल सरकार राष्ट्रिय योजना आयोग |
| खानेपानी सेवा प्रदायकः | खानेपानी सेवा प्रदायक भन्नाले स्थानीय सरकारमा दर्ता भई खानेपानी आयोजनाको संचालन ब्यबस्थापन गर्ने उपभोक्तासंस्था वा कम्पनी वा सहकारी संस्थालाई बुझिने छ। |
| खानेपानी सेवा स्तर | यस रणनीतिमा खानेपानी सेवास्तर भन्नाले खानेपानीको धाराबाट उपभोक्ताहरुलाई उपलब्ध भएको एस.डी.पी.अनुसारका सूचकहरुः पानीको गुणस्तर, परिमाण, पहुँच र विश्वसनीयताका आधारमा निर्धारण गरिने खानेपानीको समग्र सेवास्तर लाई बुझिने छ । |
| गाविस | साबिक गाउँ विकास समिति |

# १ परिच्छेद १: खानेपानी रणनीतिको परिचय

## १.१ परिचय

संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य सन् २०१६-२०३० (छोटकरीमा "एस.डी.जी.") ले सन् २०३० (अर्थात् वि.सं. २०८७) सम्ममा सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानता मूलक पहुँच हासिल गर्ने लक्ष्य लिएको छ (लक्ष्य: ६.१) । यसको आधारमा नेपाल सरकार राष्ट्रिय योजना आयोगले नेपाल: दिगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७ (छोटकरीमा " नेपाल रोडम्याप") तयार गरेको छ। जस अनुसार निम्न परिमाणात्मक लक्ष्यहरु लिएको छ।

| **परिणात्मक लक्ष्यहरू र सूचकहरू** | | **सन् २०३०** |
|---|---|---|
| १ | सुरक्षित खानेपानी प्रयोग गर्ने जनसँख्या प्रतिशत | ९० |
| २ | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार प्रतिशत | ९० |
| ३ | आधारभूत खानेपानी सेवामा पहुँच परिवार प्रतिशत | ९९ |
| ४ | घरपरिवारले प्रयोग गर्ने खानेपानीमा ई-कोलाइ जोखिमस्तर (प्रति १०० मिलि लिटर स्याम्पल पानीमा १ सीएफयु वा बढी भएको) परिवार प्रतिशत | १ |
| ५ | धाराको पानीमा ई-कोलाइ जोखिमस्तर (प्रति १०० मिलि लिटर स्याम्पल पानीमा १ सीएफयु वा बढी भएको) परिवार प्रतिशत | १ |

एस.डी.जी. र नेपाल रोड़म्यापले लिएको लक्ष्य पुरा गर्नको लागि नेपाल सरकार खानेपानी मन्त्रालयले नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास

योजना वि. सं. २०७४-२०८७ (छोटकरीमा "एस.डी.पी.") तयार गरेको छ । जसले खानेपानी आयोजनाका सेवास्तर तथा सूचकहरु बर्गिकरण गरि खानेपानी सेवा स्तरको अवस्था विश्लेषण गर्न तथा लक्ष्य हासिल गर्नको लागि थप स्पस्ट मार्ग निर्देशन गरेको छ (परिच्छेद १.५)।

स्थानीय सरकार संचालन ऐन २०७४ मा गाउँपालिकाले स्थानीय स्तरको बिकासको लागि आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा आवधिक, अल्पकालीन, मध्यकालीन, दिर्घकालिन क्षेत्रगत रणनीतिक योजना तर्जुमा गरि लागु गर्ने व्यवस्था गरेको छ । यस ऐनले गाउँ पालिकालाई खानेपानीको ब्यबस्थापन तथा नियमन गर्ने निर्देशन गरे अनुसार यो खानेपानी रणनीति तयार गरिएको छ। यस खानेपानी रणनिती तयार गर्दा दिगो विकास लक्ष्य, नेपाल रोडम्याप, एस.डी.पी. लाई मुख्य रुपमा आधार बनाइएको छ।

२०७६/७७ मा यस गाउँ पालिकाका सम्पूर्ण खानेपानी आयोजनाहरुको सेवा स्तर सर्भेक्षण तथा खानेपानी गुणस्तर परिक्षणको तथ्यांक विश्लेषण गरि यो रणनीति तयार गरिएको छ । साथै यो रणनीति डु ङ्गे श्वर गाउँपालिकाको पार्श्वचित्र २०७४, आवधिक गाउँविकास योजना २०७६/७७-२०८०/८१, बार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट बिनियोजन, गाउँ पालिकाका ऐन, नियमावली तथा कार्यविधिहरुमा आधारित छ । यो रणनीति तर्जुमा गर्दा सहभागिता मुलक योजना तर्जुमा प्रक्रिया पद्धती बमोजिम गाउँ सभा तथा कार्य पालिकाका पदाधिकारी, कार्यालयका कर्मचारी, खानेपानी सेवा प्रदायकहरुको प्रतिनिधि, बिद्यालयका प्रतिनिधि, स्वास्थ्य संस्थाका प्रतिनिधि, दलित संस्थाका प्रतिनिधि, अपांगता भएकाहरुको संस्थाका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायहरुको सहभागितामा यो रणनीति तयार भएको हो।

सन् २०३० (वि.सं. २०८७) सम्ममा डु ङ्गे श्वर गाउँपालिकाको खानेपानीको दिगो विकास लक्ष्य पुरा गर्नको लागि यो रणनीति तयार गरेको हो। यस

रणनितीले डु ङ्गे श्वर गाउँपालिका भित्रका घर परिवार, विद्यालय र स्वास्थ्य संस्थाहरु, महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, दलित, अल्पसंख्यक तथा पिछडिएका घर परिवारहरु सबैलाई खानेपानीको उच्च स्तरको सेवामा पहुच सन् २०३० सम्म सुनिस्चित गरेको छ । यस रणनीति कार्यन्वयन गर्नका लागि आयोजनाको प्राबिधिक सर्भेक्षण गरि वार्षिक बिस्तृत खानेपानी योजना तयार गरिनेछ । साथै गाउँपालिकाको खानेपानी तर्फको बार्षिक नीति तथा कार्यक्रम र बजेट बिनियोजन गर्नमा यस रणनीतिलाई आधार बनाइने छ । यस रणनीति कार्यन्वयनको बार्षिक मुल्यांकन तथा प्रगति समिक्षा गरि आगामी बर्षको खानेपानी विकास योजना तयार गरिनेछ ।

## १.२ परिकल्पना

नेपालको संबिधान, एस.डी.जी., नेपाल रोडम्याप, एस.डी.पी., स्थानीय सरकार संचालन ऐन तथा अन्य नेपाल सरकारका नीति निर्देशिकाहरुको आधारमा यस डु ङ्गे श्वर गाउँ पालिकाले महिला, पुरुष, यौनिक अल्पसंख्यक, बाल बालिका, युवा, अपांगता भएका व्यक्ति, दलित, अल्पसंख्यक तथा पिछडिएका घर परिवारहरु सबैलाई सन् २०३० सम्ममा निजि धारा, चौबिसै घण्टा सुरक्षित् तथा पर्याप्त पानी सहितको उच्च स्तरको खानेपानीको सेवामा पहुँ च पुराउने परिकल्पना गरेको छ । साथै सबै घरपरिवार, विद्यालय, स्वास्थ्य संस्था, सार्बजनिक स्थलहरुमा सबै समयमा उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउने परिकल्पना गरेको छ । उच्च स्तरको खानेपानी सेवाबाट कोहि पनि नछुट्ने यस रणनीतिले परिकल्पना गरेको छ ।

## १.३ उदेश्य

यस रणनीतिका परिकल्पनाहरु हाँ सिल गर्नका लागि देहाय अनुसारका खानेपानी सेवा विस्तारका उदेश्यहरु यस रणनीतिमा मुख्य रुपमा समाबेश गरिएको छ।

- हाल खानेपानी सेवा नपुगेकालाई पुराउने: हाल खानेपानीको सेवा पुग्न नसकेका घरपरिवार, स्वास्थ्य संस्था र बिद्यालयहरुलाई पहिलो प्राथमिकताका साथ खानेपानी सेवा पुराउने।
- खानेपानी सेवा स्तर वृद्धि गरि सबैलाई उच्च स्तरको सेवा उपलब्ध गराउने।
- खानेपानी आयोजनाको संचालन तथा मर्मत सम्भार ब्यबस्थापन गरि सबैलाई अटुट उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउने।
- एक घर एक धारा: सबै घर परिवारलाई निजि धारा उपलब्ध गराउने।
- स्वास्थ्य संस्था, बिद्यालय र सार्बजनिक स्थलहरुमा धारा उपलब्ध गराउने।
- कोहि पनि छुट्ने छैन: खानेपानीको सेवा स्तर उन्नति गर्दा महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, अल्पसंख्यक, पिछडिएका वर्ग तथा व्यक्ति कोहि पनि छुट्ने छैन।

## १.४ सिद्धान्त

डु ङ्गे श्वर गाउँ पालिकाका सबैलाई उच्च स्तरको खानेपानी सेवा पुराउने लक्ष हासिल गर्नको लागि यस रणनीति कार्यन्वयन गर्दा निम्न सिद्धान्तहरु अबलम्बन गरिने छन्।

१. समाबेसी: खानेपानीको सेवा स्तर वृद्धि गर्ने कार्य गर्दा कोहि पनि ब्यक्ति वा वर्ग नछुट्ने गरि कार्यन्वयन गरिनेछ। देहाय अनुसारका व्यक्ति वा वर्गहरु नछुट्ने गरि यस्ता कार्यक्रमहरु कार्यन्वयन गरिनेछ।

- महिला, पुरुष, यौनिक अल्पसंख्यक, बालबालिका, खानेपानी सेवाबाट बन्चितमा परेका घरपरिवारहरु
- सबै जातीय र सबै धार्मिक समुदायहरु
- अपाङ्गता भएका व्यक्तिहरु
- बिपन्न आर्थिक स्तरका घरपरिवारहरु जो खानेपानी आयोजनाको सेवा स्तर उन्नति कार्यक्रममा आबस्यक औषत आर्थिक योगदान गर्न असक्षम् छन्
- अल्पसंख्यक, जोखिममा रहेका घरपरिवारहरु

२. पारदर्शी र सुशासन: यस रणनीति कार्यन्वयन गर्दा पारदर्शिता र सुशासनलाई अबलम्बन गरिनेछ।

३. दिगोपन र लचकता: यस रणनीति कार्यन्वयन गर्दा वातावरणीय, सामाजिक, प्राबिधिक, आर्थिक, संस्थागत दिगोपन तथा लचकता लाई विशेष ध्यान दिइने छ।

## १.५ परिभाषा: खानेपानी सेवा स्तर

नेपाल सरकार खानेपानी मन्त्रालयले तयार गरेको नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७ (एस.डी.पी.) ले खानेपानीको परिमाण, गुणस्तर, पहुँच, विश्वसनीयताको आधारमा खानेपानी आयोजनाको सेवा स्तर बर्गिकरण गरेको छ। यसरि खानेपानी आयोजनाले उपलब्ध गराएको सेवा स्तरलाई सुन्य सेवास्तर, निम्न सेवास्तर, आधारभूत सेवास्तर, मध्यम सेवास्तर र उच्च सेवास्तरमा बिभाजन गरिएको छ। एस.डी.पी.

को मापदण्ड अनुसार खानेपानी आयोजनाको सेवास्तर सूचकहरुलाई निम्न अनुसार निर्धारण गरिएको छ।

**गुणस्तरको आधारमा खानेपानी सेवास्तर बर्गिकरण**

| सूचक | खानेपानी गुणस्तर सेवास्तर | | | |
|---|---|---|---|---|
| | निम्न | आधारभूत | मध्यम | उच्च |
| **गुणस्तर परिक्षण** | राष्टिय गुणस्तर मानक (ग्रामीण मापदण्ड) पुरा गर्दैन वा परिक्षण गरेको छैन | राष्टिय गुणस्तर मानक (ग्रामीण मापदण्ड) पुरा गर्छ | राष्टिय गुणस्तर मानक पुरा गर्छ | राष्टिय गुणस्तर मानक पुरा गर्छ |

**परिमाणको आधारमा खानेपानी सेवास्तर बर्गिकरण**

| सूचक | | खानेपानी परिमाण सेवास्तर | | | |
|---|---|---|---|---|---|
| | | निम्न | आधारभूत | मध्यम | उच्च |
| परिमाण | लि. प्र. व्य. प्र. दि. | २५-४५ | ४५-६५ | ६५-१०० | १००-१५० |
| | वा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्वच्छता | आधारभुत व्यक्तिगत र खाद्य स्वच्छता सम्भव नभएको (जब सम्म मुहानमै अभ्यास गरिँदैन) | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सम्भव हुने कपडा धुन र नुहाउन अपुग | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित भएको; कपडा धुन र नुहाउन पनि सुनिश्चित हुने | सबै स्वच्छता का आवश्यक ताहरू पुरा हुने |

## पहुँचको आधारमा खानेपानी सेवास्तर बर्गिकरण

| **सूचक** | **खानेपानी पहुच सेवास्तर** | | | |
|---|---|---|---|---|
| | निम्न | आधारभूत | मध्यम | उच्च |
| **पहुँच** **(Accessibility)** | २५% भन्दा कम उपभोक्ताले निजी धारा जडान गरेको | २५% भन्दा बढी उपभोक्ताले निजी धारा जडान गरेको | १००% उपभोक्ताले निजी धारा जडान गरेको | १००% उपभोक्ताले निजी धारा जडान गरेको |

## विश्वसनीयताको आधारमा खानेपानी सेवास्तर वर्गीकरण

| **सूचक** | | **खानेपानी विश्वसनीयता सेवास्तर** | | | |
|---|---|---|---|---|---|
| | | निम्न | आधारभूत | मध्यम | उच्च |
| विश्वसनीयता (Reliability) | वितरण अवधि | ८ घण्टा भन्दा कम | ८ घण्टा (अधिक माग | १२ घण्टा (दिनको | २४ घण्टा (चौबीसै |

| | | | | | |
|---|---|---|---|---|---|
| (सबै उपसुचकहरु पुरा हुनु पर्ने) | (घण्टा प्रति दिन) | | समयमा) | समयमा) | घण्टा) |
| | निरन्तरता | एक महिनामा एक पटक भन्दा बढी रुकावट हुने | एक महिनामा एक पटक सम्म रोकावट हुने | तीन महिनामा एक पटक सम्म रोकावट हुने | १२ महिनामा एक पटक सम्म रोकावट हुने |
| | लचकता | अवरुद्ध सेवा २ दिनमा सुचारु नहुने | अवरुद्ध सेवा २ दिनमा सुचारु हुने | अवरुद्ध सेवा १ दिनमा सुचारु हुने | अवरुद्ध सेवा १ दिनमा सुचारु हुने |

## १.६ खानेपानी सेवा स्तर सर्भेक्षण

एस.एन.भी. नेपालको सहयोगमा डु ं गे श्वर गाउँपालिकामा खानेपानीको सेवा स्तर सर्भेक्षण भएको हो। यो सर्भेक्षण यस सर्भेक्षणको लागि प्रश्नावलीहरु एक्कोफ्लो मोबाइल यापको प्रयोग गरि यस गाउँपालिकाका सबै विद्यमान खानेपानी आयोजनाहरुको सबै धाराहरुको तथ्यांक संकलन गरिएको छ। यो सर्भेक्षण पौष २०७६ देखि आश्विन २०७७ सम्म गरिएको थियो। यस सर्बेक्षणमा सबै संचालित खानेपानी आयोजनाका सबै धाराहरुको खानेपानी सेवा स्तरका सूचक तथा उप सूचक हरुको तथ्यांक संकलन भएको छ। साथै संचालनमा रहेका

सबै धाराहरुको जी.पी.एस. स्थिति रेकर्ड भएको छ । यस सर्बेक्षणमा सेम्पल धाराको पानीको इ-कोलाई परिक्षण गरिएको छ । एउटा खानेपानी आयोजनाको १ देखि ३ धाराको पानी परिक्षण गरिएको छ । पानी गुणस्तर परिक्षणको लागि सेम्पल धाराको छनौट गर्दा सबैभन्दा बढी प्रदुषण हुन सक्ने सम्भावना भएको धारालाई छनौट गरिएको छ । यसरि आयोजनाको सबैभन्दा टाढाको धाराको पानीमा सबैभन्दा बढी प्रदुषण हुने सम्भावना भएकोले प्रत्येक आयोजनाको सबैभन्दा टाढाको धाराको पानीको सेम्पल गुणस्तर परिक्षणको लागि लिइएको छ । यदि पाइपलाइनको लम्बाई ५ कि.मी. भन्दा लामो भएमा वा फरक पाइपलाइन भएमा एक आयोजनामा १ भन्दा बढी सेम्पल लिईएको छ । पानीको परिक्षण हाइजियना पानी गुणस्तर परिक्षण किटको प्रयोग गरि सम्बन्धित वडामा वा नजिकको स्टेशनमा गरिएको थियो । यसरि गुणस्तर परिक्षण गरि धाराको पानीमा इ-कोलाई को गणना सी.एफ.यु./१०० मि.लि. गरिएको थियो।

## यस रणनीति तर्जुमा गर्दा प्रयोग भएका खानेपानी सेवास्तरका सूचक तथा उपसूचकहरु

यस रणनीति तर्जुमा गर्दा खानेपानी सेवा स्तर र सूचकहरु निर्धारण तथा विश्लेषण निम्न तालिकामा उल्लेख भए अनुसार गरिएको छ जुन मुख्य रुपमा एस.डी.पी ले परिभाषित गरेको खानेपानी सेवा स्तर सूचकमा आधारित छ।

तालिका नं.१: खानेपानी सेवा स्तर विश्लेषणमा प्रयोग भएका खानेपानी सेवास्तर सूचक तथा उपसूचकहरु

| खानेपानी संकलन गर्ने धाराबाट उपलब्ध खानेपानी सेवा स्तर | | निम्न सेवा स्तर | आधारभूत सेवा स्तर | मध्यम सेवा स्तर | उच्च सेवा स्तर |
|---|---|---|---|---|---|
| सेवा स्तर सूचक | उप सूचक | | | | |
| गुणस्तर | पानी संकलन गर्ने धाराको पानीको गुणस्तर (परिक्षण गर्ने) | इ-कोलाई >0 सिएफयु/ १०० मि.लि., वा आर्सेनिक>०.०५ मि.ग्रा./लिटर | इ-कोलाई ≤0 सिएफयु/१०० मिलिलिटर र आर्सेनिक ≤०.०५ मि.ग्रा. /लिटर (भूमिगत खानेपानीको श्रोतको लागि मात्र) | | |
| | पानीको श्रोतको प्रकार | असंरक्षित् श्रोत | संरक्षित् मुहान वा प्रशोधन सहितको असंरक्षित् श्रोत | | |
| परिमाण | परिवारको लागि आबश्यक दैनिक पानीको परिमाण | निम्न लिखित सबै कामको लागि खानेपानी पर्याप्त भएको घरपरिवारको भनाइ: | निम्न लिखित सबै कामको लागि खानेपानी | निम्न लिखित सबै कामको लागि खानेपानी | निम्न लिखित सबै कामको लागि खानेपानी पर्याप्त भएको घरपरिवारको भनाइ: |

| खानेपानी संकलन गर्ने धाराबाट उपलब्ध खानेपानी सेवा स्तर | | निम्न सेवा स्तर | आधारभूत सेवा स्तर | मध्यम सेवा स्तर | उच्च सेवा स्तर |
|---|---|---|---|---|---|
| सेवा स्तर सूचक | उप सूचक | | | | |
| | को प्रयाप्तता मापन (लिटर प्रति दिन प्रति व्यक्ति परिमाण को प्रतिनिधित्व गर्ने सूचक) | • पिउने र खान पकाउने<br><br>(२५-४४ लि./व्य./दि.) | पर्याप्त भएको घरपरिवारको भनाइ:<br>• पिउने र खाना पकाउने<br>• सरसफाई (घर तथा शौचालय) + आधारभूत स्वच्छता (शौचालय प्रयोग, हात धुने)<br><br>[४५-६५ | पर्याप्त भएको घरपरिवारको भनाइ:<br>• पिउने र खाना पकाउने<br>• सरसफाई (घर तथा शौचालय) + आधारभूत स्वच्छता (शौचालय प्रयोग, हात धुने)<br>• नुहाउने<br>• लुगा धुने | • पिउने र खाना पकाउने<br>• सरसफाई (घर तथा शौचालय) + आधारभूत स्वच्छता (शौचालय प्रयोग, हात धुने)<br>• नुहाउने<br>• लुगा धुने<br>• करेसाबारी/बगैचा र वस्तु पालन<br><br>[>१०० लि./व्य./दि.] |

| खानेपानी संकलन गर्ने धाराबाट उपलब्ध खानेपानी सेवा स्तर | | निम्न सेवा स्तर | आधारभूत सेवा स्तर | मध्यम सेवा स्तर | उच्च सेवा स्तर |
|---|---|---|---|---|---|
| सेवा स्तर सूचक | उप सूचक | | | | |
| | | | लि./व्य./दि.] | [६५–१०० लि./व्य./दि.] | |
| पहुँच | घर देखि पानी संकलन गर्ने धारा सम्मको दुरी (नाप लिने) | घर देखि सामुदायिक धाराको दुरी > १५० मिटर | घर देखि सामुदायिक धाराको दुरी ≤ १५० मिटर | घरमा निजि धारा जडान | घरमा निजि धारा जडान |
| विश्वस नीयता | धारमा दैनिक पानी आउने समय (घण्टा प्रति दिन) | < ८ घण्टा प्रति दिन | ८ – ११ घण्टा प्रति दिन | १२ – २३ घण्टा प्रति दिन | २४ घण्टा प्रति दिन |
| | धारामा | > १ रुकावट | ≤ १ | ≤ १ | ≤ १ रुकावट प्रति |

| खानेपानी संकलन गर्ने धाराबाट उपलब्ध खानेपानी सेवा स्तर | | निम्न सेवा स्तर | आधारभूत सेवा स्तर | मध्यम सेवा स्तर | उच्च सेवा स्तर |
|---|---|---|---|---|---|
| सेवा स्तर सूचक | उप सूचक | | | | |
| | पानी सेवा रुकावट हुने आवृत्ति (गत १२ महिनामा) | प्रति महिना | रुकावट प्रति महिना | रुकावट प्रति ३ महिना | वर्ष |
| | रुकावट भएको पानी सेवा फेरी सुचारु हुन लागेको सबै भन्दा बढी समय (गत १२ महिनामा) | एक पटक पानी सेवा रुकावट हुँदा बढीमा पानी सेवा रुकावट भएको > २ दिन | एक पटक पानी सेवा रुकावट हुँदा बढीमा पानी सेवा रुकावट भएको ≤ २ दिन | एक पटक पानी सेवा रुकावट हुँदा बढीमा पानी सेवा रुकावट भएको ≤ १ दिन | |

माथिका सूचक तथा उपसूचकहरु प्रयोग गरि प्रत्येक धाराबाट उपलब्ध भएको खानेपानी सेवा स्तरको आधारमा त्यस धाराको खानेपानी सेवास्तर निर्धारण गरिनेछ । आयोजनाको खानेपानी सेवा स्तर निर्धारण गर्दा सबै भन्दा निम्न सेवास्तर भएको धारालाई आधार मानिने छ । सबै भन्दा निम्न स्तरको सेवा उपलब्ध भएको धाराको सेवा स्तर नै त्यस आयोजनाको सेवा स्तर निर्धारण हुनेछ । सेवा स्तर वृद्धि गर्नको लागि त्यस आयोजनाले उक्त धाराको सेवा स्तर वृद्धि गर्नु पर्ने हुन्छ । साथै, चार वटा सूचक अनुसारका सेवा स्तरहरुः परिमाण सेवा स्तर, गुणस्तर सेवा स्तर, पहुच सेवा स्तर र विश्वसनीयता सेवा स्तरहरु मध्ये सबै भन्दा निम्न रहेको सेवा स्तर नै समग्र सेवा स्तर हुनेछ ।

**यस रणनीति कार्यन्वयन गर्दा प्रयोग हुने खानेपानी सेवास्तरका समाबेशी सूचकहरु**

निम्न अनुसारका खानेपानी समाबेशी सेवा स्तर सूचकहरु खानेपानी रणनीति कार्यन्वयन गरि सेवा स्तर उन्नति गर्दा प्रयोग गरिनेछ । खानेपानीको समग्र सेवा स्तर वृद्धि गरि आयोजनाको खानेपानी सेवा स्तर आधारभूत, मध्यम र उच्चमा पुराउनको लागि तलको तालिकामा प्रस्तुत गरिएको अपांगता भएका व्यक्तिहरुको लागि सेवा स्तर र अल्पसंख्यक र बन्चितमा परेकाहरुको सेवा स्तर समेत वृद्धि गर्नु पर्नेछ । यसरि यी दुई वटा समाबेशी सूचकहरु समेतको सेवा स्तरले आयोजनाको खानेपानी समग्र सेवा स्तर निर्धारण हुनेछ ।

*तालिका नं. २: खानेपानी रणनीति कार्यन्वयन गर्दा प्रयोग हुने समावेशी खानेपानी सेवास्तर सूचकहरु*

| समाबेशी खानेपानी सेवा स्तर सूचक | निम्न सेवा स्तर | आधारभूत सेवा स्तर | मध्यम सेवा स्तर | उच्च सेवा स्तर |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच | अपांगता भएको व्यक्तिको लागि उपयुक्त बाटो समेत नभएको | अपांगता भएको व्यक्तिको लागि उपयुक्त बाटो भएको तर रयाम्प नभएको | अपांगता भएको व्यक्तिको लागि बाटो, रयाम्प र स्पर्श टायल भएको तर समाउने ह्यान्ड रेलिंग नभएको | अपांगता भएको व्यक्तिको लागि बाटो, रयाम्प, स्पर्श टायल र समाउने ह्यान्ड रेलिंग भएको |
| अल्पसंख्यक र बन्चितमा परेका घरपरिवारका लागि खानेपानीको पहुँच | खानेपानी संकलन गर्ने धारा दलित वास अल्पसंख्यकको घरबाट >१५० मिटर टाढा | खानेपानी संकलन गर्ने धारा दलित वा अल्पसंख्यकको घरबाट ≤१५० मिटर टाढा | दलित वा अल्पसंख्यकको घर परिसरमा खानेपानीको निजि धारा रहेको | दलित वा अल्पसंख्यकको घर परिसरमा खानेपानीको निजि धारा रहेको |

# २ परिच्छेद २: गाउँपालिकाको प्रोफाइल

## २.१ गाउँपालिकाको सम्क्षिप्त परिचय

नेपाल सरकारको वि.सं.२०७३ फागुन २७ गतेको निर्णयानुसार साविकका ४ वटा गाविसहरु बेलपाटा, लाँकुरी, अवलपराजुल, डाँडापराजुल लाई एक आपसमा गाभेर मिलाइ ६ वटा वडामा विभाजन गरी यो डु ङ्गे श्वर गाउँपालिकाको संरचना तयार पारिएको हो । कुल १०५.२० बर्ग कि.मी. क्षेत्रफमा फैलिएको यो गाउँपालिका दैलेखका ११ वटा स्थानीय तहहरु मध्य क्षेत्रफलका हिसाबले तेस्रो सानो स्थानीय तह हो ।

प्र ाकृ तिक श्रो तबाट भरिपू र्ण सु न्दर पहाडी वातावरणीय भु भागमा अवस्थित यस गाउँपालिकामा थोरै साधन र स्रोतको लगानीवाट गाउँपालिकाको, सामाजिक आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा बिकास हुन सक्ने सम्भावना रहेको छ । भौगोलिक हिसाबले बिकट र बिकासको हिसाबले बिकासोन्मुख अवस्थामा यो गाउँपालिका रहेको छ ।

२०६८ सालको जनगणना अनुसार कुल १६ हजार ८ सय ८३ जनसंख्या रहेको यो  गाउँपालिका भित्र बिभिन्न जातजातीहरुको बसोबास रहेको छ । कुल जमिनको ५३.९७ प्रतिशत अर्थात ५ हजार ६ सय ७७ दशमलब ५६ हेक्टर भुभाग बनजंगलले ढाकेको यस गाउँपालिका भित्र प्रशस्त मात्रामा खोलानाला रहेका छन् ।

मुख्यतया क्षेत्री र ब्राह्मण जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा ठकुरी, गुरुङ्ग , मगर, कामी, दमाईको बसोबास रहेको छ भने केही संख्यामा अल्पसंख्यक जाति गाइने र वादी जातिको पनि बसोबास रहेको छ । हिन्दु, इसाई, मुस्लिम, बौद्ध धर्मावलम्वीहरु रहेका छन । धार्मिक तथा सांस्कृतिक रुपमा डुंगेल मन्दिर, भैरव मन्दिर, नारायण मन्दिर रहेका छन् । प्राकृतिक स्रोत साधनको रुपमा पराजुलीखोला, कुईंया ताल, स्लेट खानी, बनजंगल रहेको छ।(श्रोत: डु ङ्गे श्वर गाउँपालिकाको वेबसाइट)

## २.२ गाउँपालिकाको भौगोलिक अवस्था

### २.२.१ भौगोलिक अवस्थिति

राजनितिक हिसाबले दैलेखका ११ वटा स्थानीय तहहरु मध्ये जिल्लाको प्रतिनिधि सभा निर्बाचन क्षेत्र नं. १ तथा प्रदेश सभा १क अन्तर्गत यो गाउँपालिका पर्दछ।विश्व मानचित्रमा यसको फैलावट २८ डिग्री १५ मिनेट उत्तर देखि २९ डिग्री ८ मिनेट उत्तरी अक्षांश सम्म र ८१ डिग्री २५ मिनेट पूर्व देखि ८१ डिग्री ५३ मिनेट पुर्बी देशान्तर सम्म रहेको छ।समुद्री सतह बाट ६५० मिटर देखि २५०० मिटर सम्मको उचाईमा रहेको यस गाउँपालिका को क्षेत्रफ़ल् १०५.२० वर्ग किलोमिटर रहेको छ । जिल्ला सदरमुकाम नारायण नगरपालिकाबाट करिब २० कोषको दुरी सम्ममा यो

गाउँ पालिकाका वडाहरु फैलिएका छन् । यस गाउँपालिकाको पूर्वमा भगवती माई गाउँपालिका, पश्चिममा दुल्लु नगर पालिका तथा त्यसैगरि उत्तरमा नारायण नगरपालिका र दक्षिणमा गुराँस गाउँपालिका संग सिमाना जोडिएको छ। (श्रोत: गाउँ पालिकाको वस्तुगत विवरण २०७४)

## २.२.२ क्षेत्रफ़ल

दैलेख जिल्लाको साबिकका ४ वटा गाबिसहरु बेलपाटा, लाँकुरी, अवलपराजुल, डाँडापराजुल गाबिसका ३६ वटा वडाहरु मिलेर यो गाउँपालिका बनेको हो। डु ङ्गे श्वर गाउँपालिकाका वडाहरुको भौगोलिक संरचना तथा क्षेत्रफ़ल निम्न अनुसार रहेको छ।

तालिका नं ३: डु ङ्गे श्वर गाउँ पालिकाको वडागत क्षेत्रफ़ल् विवरण

| डु ङ्गे श्वर गाउँ पालिकाको वडा नं. | साबिक गाबिस | साबिक गाबिसका वडाहरु | क्षेत्रफ़ल् (वर्ग कि.मि.) |
|---|---|---|---|
| १ | बेलपाटा | १-९ | १०.०८ |
| २ | लाँकुरी | १-९ | २४.४७ |
| ३ | अवलपराजुल | १-४ | २८.१२ |
| ४ | अवलपराजुल | ५-९ | ८.७३ |
| ५ | डाँडापराजुल | १,२,३,५,६ | १५.२४ |
| ६ | डाँडापराजुल | ४,७,८,९ | १८.५६ |
| | जम्मा | | १०५.२० |

### २.२.३ वर्तमान भूउपयोग

डु ङ्गे श्वर गाउँपालिकाको क्षेत्रफ़ल् १०५२० हेक्टर अर्थात् १०५.२० वर्ग किलो मिटर रहेको छ। जसमा कृषि योग्य जमिनको क्षेत्रफ़ल् ३२५७ हेक्टर, बन क्षेत्र ५६७७.५६ हेक्टर रहेको छ , भने अन्य भू-भाग नदि नाला, खोला, सडक, आद्योगिक क्षेत्र आदिले ओगटेको छ । यस गाउँपालिकाको भू-उपयोगलाई निम्न अनुसार प्रस्तुत गरिएको छ।

*तालिका नं ४: डु ङ्गे श्वर गाउँ पालिकाको भू-उपयोग अवस्था*

| क्र.सं. | विवरण | क्षेत्रफ़ल् (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ३२५७.०० | ३०.९६ |
| २ | बन तथा चरण क्षेत्र | ५६७७.५६ | ५३.९७ |
| ३ | खोलानाला, ताल तलैया, औद्योगिक क्षेत्र, सडक, आदि | १५८५.४४ | १५.०७ |
| | जम्मा | १०५२०.२० | १००.०० |

श्रोत: गाउँपालिकाको बस्तुगत विवरण २०७४

### २.२.४ नदि, खोला तथा ताल तलैया


दैलेख जिल्लामा वार्षिक १५०० मिलि मिटर औसत वर्षात हुने गर्छ। त्यसैले डु ङ्गे श्वर गाउँपालिका क्षेत्र भित्र महाभारत शृंखलाबाट उत्पत्ति भएका कर्णाली नदीका बाह्रै महिना पानी बगीरहने दर्जनौं सहायक ठुला साना नदि, खोलाहरु रहेका छन् । मुख्य गरि लोहोरे खोला, परजुली खोला ,हनेटी खोला,मटेली खोला जस्ता ठुला खोला/नदि देखि साना खोला, खोल्सा तथा मूलहरु रहेका छन्। साथै यस गाउँपालिका भित्र ऐतिहासिक,

धार्मिक, संस्कृतिक, पर्यटकीय तथा वातावरणीय जल सम्पदाको महत्व बोकेका कुइया ताल, ताल, पोखरी जस्ता साना ठुला जल सम्पदा क्षेत्रहरु रहेका छन्।


## २.२.५ जलवायु तथा जलवायु परिवर्तनको जोखिम

जलवायु परिवर्त नका दृ ष्टिको णले दै ले ख जिल्ला अति प्र भावित जिल्लाको रुपमा रहे को छ । जिल्ला स्तरीय छलफल तथा प्र ारम्भिक कार्य शाला गो ष्ठीका सहभागीहरुले पनि यहाँ जलवायु को प्र त्यक्ष असर परे का अनु भवहरु आदान प्र दान गरे का थिए । यस गाउं पालिका पनि जलवायु परिवर्त न प्र त्यक्ष रुपमा महसु स गरे को तथा यसबाट कृ षि लगायत विभिन्न क्षे त्रहरुमा पारे को प्र भावहरुको अनु भव सहितका उदाहरणहरु साविकका गाविस तथा वडास्तरका छलफलहरुमा सरो कारवालाहरुले प्र स्तु त गरे का थिए । स्थानीयस्तरमा भएका छलफल, सहभागितामू लक रुपमा तयार गरिएका मौ समी पात्रो तथा समयरे खाहरु मार्फ त यस गाउं पालिकामा जलवायु परिवर्त न उल्ले ख्य रुपमा भएको दे खिएको छ । सन १९८६ दे खि २०१३ सम्मको वर्षा तथा तापक्रमको तथ्यां कहरु विश्ले षण गर्दा जिल्लास्तरमा वर्षा हु ने महिनाहरु क्रमशः पछि सदै गएको तथा तापक्रम क्रमशः बढे को दे खिन्छ ।

यस जिल्लाको वार्षि क औ सत तापक्रम २५ डिग्र ी दे खि ३५ डिग्र ी से न्टिग्र ड सम्म रहे को छ । यस गाउं पालिकामा जलवायू मापनको छु ट्टै स्टे सन नभएको ले जिल्लास्तरमा प्र ाप्त तथ्यां कहरुको विश्ले षणबाट प्र ाप्त विवरणलाई प्र स्तु त गरिएको छ ।




चित्र नं . १: दै ले खको विगत ३० वर्ष को जलवायु प्र वृ त्ति




चित्र नं. २: विगत ३० वर्षको तापक्रम वृद्धि तथा वर्षाको प्रवृत्ति

श्रोत: डुङ्गेश्वर गाउँपालिकाको वडास्तरिय स्थानीय अनुकूलन कार्ययोजना (आ.व.२०७४/७५-२०७६/७७)

माथिको चित्रमा सन १९९० देखि २०१३ सम्मको जिल्लाको तापक्रम तथा वर्षाको समग्र प्रवृत्ति प्रस्तुत गरिएको छ। जस अनुसार १९९० मा अधिकतम तापक्रम करिब २४ डिग्री सेन्टीग्रेड रहेकोमा २०१३ मा २६ डिग्री सेन्टीग्रेड भन्दा माथि रहेको देखिएको छ। त्यस्तै न्युनतम तापक्रम पनि करिब ११.३० डिग्री सेन्टीग्रेडबाट बढेर १३.३० डिग्री सेन्टीग्रेडमा पुगेको देखिन्छ। वर्षाको मात्रामा प्रष्ट उतारचढाव देखिएको र समग्रमा वार्षिक पानीको मात्रा कम हुदै गएको देखिन्छ। स्थानीयस्तरका सचेतना अभिवृद्धी तथा योजना तर्जुमा कार्यक्रमहरुका सहभागिहरुले खंडेरीका दिनहरु बढ्दै गएको तथा तापक्रम बढेको कुरा समयरेखा मार्फत व्यक्त गरेको ले वैज्ञानिक तथा सहभागितामुलक दुबै विधिबाट विश्लेषण गर्दा पनि जलवायू परिवर्तन क्रमश: भैरहेको देखिएको छ। गाउं सङ्कटासन्नता तथा अनुकूलन क्षमता लेखाजोखाका लागि भौगोलिक सूचना प्रणाली तथा सहभागितामूलक परिदृष्य विकासको समेत प्रयोग गरी सहभागितामूलक विधिहरु प्रयोग गरिएको छ।

## तालिका नं ५: डुङ्गेश्वर गाउँपालिका वडा नं २ को सहभागितामूलक मौसमी पात्रो

| सम्मुखताको क्षेत्र | सूचक | समय | बैशाख | जेठ | असार | श्रावण | भाद | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्षा तथा यसको स्वरुप | मनसुन बर्षा | अहिले | | | | | | | | | | | | | १ महिना परिवर्तन भएको |
| | | पहिले | | | | | | | | | | | | | |
| | हिउँदे | अहिले | | | | | | | | | | | | | हिउँदे बर्षा मा १ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बर्षा | पहिले | | | | | | | | | | | | | महिनाको परिवर्तन |
| तापक्रम | गर्मिका दिनहरु | अहिले | | | | | | | | | | | | | गर्मि का दिनहरु ३ महिना वढेको |
| | | पहिले | | | | | | | | | | | | | |
| | जाडोका दिनहरु | अहिले | | | | | | | | | | | | | जाडोका दिनहरु घटेको |
| | | पहिले | | | | | | | | | | | | | |
| विरुवाको व्यवहार | बालिमा फुल लाग्ने समय | अहिले | | | | | | | | | | | | | फुललाग्ने समयमा परिवर्तन भएको |
| | | पहिले | | | | | | | | | | | | | |
| प्रकोपको स्वरुप | सुख्खा खडेरी | अहिले | | | | | | | | | | | | | खडेरी उल्लेखनीय रुपमा वढेको |
| | | पहिले | | | | | | | | | | | | | |
| | आगलागी | अहिले | | | | | | | | | | | | | कुनै परिवर्तन नदेखिएको |
| | | पहिले | | | | | | | | | | | | | |

श्रोत: डुङ्गेश्वर गाउँपालिकाको वडा स्तरिय स्थानीय अनुकूलन कार्ययोजना (आ.व.२०७४/७५ - २०७६/७७)

## प्राकृतिक प्रकोपबाट भएको क्षति विवरण

यस गाउँ पालिका भित्र रहेका विभिन्न गाउँहरुमा प्राकृतिक प्रकोपबाट भएको क्षति विवरणलाई विश्लेषण गर्दा यस क्षेत्रमा आर्थिक वर्ष २०७३/७४ मा वडा नं. १,२ र ३ मा आगजनी र १,२ र ५ मा पहिरोले घर तथा जग्गा क्षतिमा पुराएको देखिन्छ भने कुनै मानवीय क्षति भने भएको पाइदैन। जुन विषय निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ६: प्रकोपबाट भएको क्षति सम्बन्धि विवरण

| प्रकोपको किसिम | क्षतिको विवरण | भएको अनुमानित क्षति (रकम रु. हजारमा) | मानविय क्षति |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| बाढी | घर जग्गामा क्षति | ५९०,००० | छैन |
| पहिरो | घर जग्गा र बन जंगलमा क्षति | क्षतिको अनुमान नगरेको | छैन |
| आगजनी | घर ३ वटा क्षति | २९४,००० | छैन |
| महामारी | छैन | ० | छैन |
| हावाहुरी | छैन | ० | छैन |
| चट्याङ | छैन | ० | छैन |
| नदि कटान | छैन | ० | छैन |
| खडेरी | छैन | ० | छैन |
| शीत लहर | छैन | ० | छैन |
| भुकम्प | छैन | ० | छैन |
| अन्य | छैन | ० | छैन |
| जम्मा | | ८८४,००० | |

श्रोत: गाउँपालिकाको बस्तुगत विवरण २०७४

## २.३ गाउँपालिकाको जनसंख्या बनौट

### २.३.१ वडा अनुसार घरधुरी तथा जनसख्या

यस गाउँपालिकाको सबै वडाहरुमा गरि कुल ३०४४ घरधुरी रहेको छ। वडागत रुपमा घरधुरी संख्यालाई विश्लेषण गर्दा बिबिधता युक्त रहेको देखिन्छ। सबै भन्दा कम घरधुरी वडा नं. ३ मा ३५५ र सबै भन्दा बढी वडा नं. २ मा ७०७ रहेको छ । यस गाउँपालिकाको वडा अनुसारको घरधुरी तथा जनसान्खिकीय विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं ७: वडाअनुसारको जनसान्खिकीय विवरण

| वडा नं. | घर धुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | औसत परिवार आकार | क्षेत्रफल् (वर्ग कि.मि.) | जनघनत्व (औशत) |
|---|---|---|---|---|---|---|---|
| १ | ५७० | २७२१ | १३०३ | १४१८ | ४.७७ | १०.०८ | २६९.९४ |
| २ | ७०७ | ३८४० | १८५९ | १९८१ | ५.४३ | २४.४७ | १५६.९३ |
| ३ | ३५५ | १९७९ | ९४५ | १०३४ | ५.५७ | २८.१२ | ७०.३८ |
| ४ | ४११ | २२३४ | १०९४ | ११४० | ५.४४ | ८.७३ | २५५.९० |
| ५ | ४५१ | २१९१ | १०१५ | ११७६ | ४.८६ | १५.२४ | १४३.७७ |
| ६ | ५५० | २९१८ | १३३७ | १५८१ | ५.३१ | १८.५६ | १५७.२२ |
| जम्मा | ३०४४ | १५८८३ | ७५५३ | ८३३० | ५.२२ | १०५.२० | १५०.९८ |

श्रोत: राष्ट्रिय जनगणना २०६८

## २.३.२ उमेर तथा लिङ्ग समूह अनुसार जनसख्या

यस गाउँ पालिकाकामा रहेका जनसंख्यालाई उमेरगत समुहमा बिभाजन गरेर प्रस्तुत गर्दा ५ वर्ष मुनिका बालबालिकाको जनसंख्या १८११, ५ वर्ष देखि १४ वर्ष उमेर समुहमा ४४१६, १५ देखि २४ वर्ष उमेर समुहमा ३३६०, २५ देखि ५९ वर्ष समुहमा ५१२९, ६० देखि ६९ बर्ष समुहमा ७३० र ७० देखि माथिको उमेर समूहमा ४३७ रहेको पाईयो । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको उमेर र लिङ्ग समूह अनुसारको जनसंख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ८: उमेर तथा लिङ्ग अनुसार ङु ङ्गे श्वर गाउँपालिकाको जनसंख्या बिबरण

| लिङ्ग | जम्मा | उमेर (वर्ष) समुहगत जनसंख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा जनसख्या | १५८८३ | १८११ | २१२२ | २२९४ | १९७० | १३९० | १०४० | ७९२ | ८९९ |
| पुरुष जनसख्या | ७५५३ | ८९७ | १०७१ | ११४० | ९३१ | ६०५ | ४०७ | ३२६ | ४२५ |
| महिला जनसख्या | ८३३० | ९१४ | १०५१ | ११५४ | १०३९ | ७८५ | ६३३ | ४६६ | ४७५ |
| पुरुष% | ४७.६ | ४९.५ | ५०.५ | ४९.७ | ४७.३ | ४३.५ | ३९.१ | ४१.२ | ४७.३ |
| महिला% | ५२.४ | ५०.५ | ४९.५ | ५०.३ | ५२.७ | ५६.५ | ६०.९ | ५८.८ | ५२.८ |

| लिङ्ग | उमेर (वर्ष) समुहगत जनसंख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४०–४४ | ४५–४९ | ५०–५४ | ५५–५९ | ६०–६४ | ६५–७९ | ७०–७४ | ७५+ |
| जम्मा जनसख्या | ७७२ | ६७६ | ५२९ | ४२१ | ४१९ | ३११ | २२२ | २१५ |
| पुरुष जनसख्या | ३५७ | ३२२ | २७३ | २१६ | २०१ | १४९ | १२२ | १११ |
| महिला जनसख्या | ४१५ | ३५४ | २५६ | २०५ | २१८ | १६२ | १०० | १०४ |
| पुरुष% | ४७.६ | ४९.५ | ५०.५ | ४९.७ | ४७.३ | ४३.५ | ३९.१ | ४१.२ |
| महिला% | ५२.४ | ५०.५ | ४९.५ | ५०.३ | ५२.७ | ५६.५ | ६०.९ | ५८.८ |

श्रोत: राष्ट्रिय जनगणना २०६८

### २.३.३ जातजातिका आधारमा जनसख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार दु ङ्गे श्वर गाउँपालिकामा ४०.७३% क्षेत्रि, १५.९४% मगर, १५.२६% कामी, ७.४७% ठकुरी, ७.२२% ब्राह्मण र १३.३९%

अन्य जातजाति रहेका छन् । जातजाति सम्बन्धि बिस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ९: जातजातिको आधारमा जनसंख्या विवरण

| क्र.सं. | जातजाति | जनसंख्या विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वडा नं. १ | वडा नं २ | वडा नं. ३,४ | वडा नं. ५,६ | जम्मा | प्रतिशत |
| 1 | बाहुन | १०९ | ७२ | २१६ | ७५० | ११४७ | ७.२२% |
| 2 | क्षेत्रि | १०१० | १७८६ | २३६५ | १३०८ | ६४६९ | ४०.७३% |
| 3 | ठकुरी | २१ | ७९ | २९८ | ७८८ | ११८६ | ७.४७% |
| 4 | सन्यासी | | ७० | | | ७० | ०.४४% |
| 5 | मगर | ७८८ | ३३८ | ३८६ | १०१९ | २५३१ | १५.९४% |
| 6 | राई | २० | | | | २० | ०.१३% |
| 7 | गुरुङ | १९ | ३७० | ५७ | ११७ | ५६३ | ३.५४% |
| 8 | मुसलमान | ४० | | | १२ | ५२ | ०.३३% |
| 9 | कामी | ५३१ | ७०६ | ५१८ | ६६९ | २४२४ | १५.२६% |
| 10 | दमाई | ८० | १७८ | ३४८ | २०५ | ८११ | ५.११% |
| 11 | सार्की | ५३ | २१० | | १७८ | ४४१ | २.७८% |
| 12 | बराई | | २० | | | २० | ०.१३% |
| 13 | बादी | १३ | | | | १३ | ०.०८% |
| 14 | गाईंने | | | | ४१ | ४१ | ०.२६% |
| 15 | अन्य | ३७ | ११ | २५ | २२ | ९५ | ०.६०% |
| | **कुल जम्मा** | **२७२१** | **३८४०** | **४२१३** | **५१०९** | **१५८८३** | १००.००% |

श्रोत: राष्ट्रिय जनगणना २०६८

## २.३.४ अपांगताका आधारमा जनसख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकामा भिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको  तथ्यांक विश्लेषण गर्दा यस पालिकामा जम्मा ४७७ जना भिन्न क्षमता भएका वा अपांगता भएका व्यक्ति रहेका छन्। जसमा २२० जना शारीरिक अपांगता भएका, ९२ जना न्युन दृष्टि भएका, ६२ जना सुस्त श्रबण भएका, ४ जना शारीरिक दृष्टि बिहिन, ३५ जना शारीरिक

बहिरा, १४ जना मानसिक अपांगता भएका, १५ जना बौद्धिक अपांगता भएका, र ३५ जना बहु-अपांगता भएका व्यक्तिहरु रहेका छन् । सो सम्बन्धि बिस्तृत बिबरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १०: भिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको विवरण

| वडा नं. | साबिक गाविस | लिङ्ग | कुल जनसंख्या | अपांगता नभएका जनसंख्या | अपांगता भएका जनसख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | शारीरिक | न्युन दृष्टि | सुस्त श्रवण | दृस्टी बिहिन | बहिरा | मानसिक अपांगता | बौद्धिक अपांगता | बहु अपांगता |
| १ | बेलपाटा | जम्मा | २७२१ | २६९७ | ६ | ३ | ४ | २ | ५ | १ | ३ | ० |
| | | पुरुष | १३०३ | १२९२ | ३ | १ | ० | २ | ३ | ० | २ | ० |
| | | महिला | १४१८ | १४०५ | ३ | २ | ४ | ० | २ | १ | १ | ० |
| २ | लाँकुरी | जम्मा | ३८४० | ३७५३ | २४ | २३ | १३ | ० | ७ | ४ | ३ | १३ |
| | | पुरुष | १८५९ | १८१२ | १० | १६ | ६ | ० | ३ | २ | ३ | ७ |
| | | महिला | १९८१ | १९४१ | १४ | ७ | ७ | ० | ४ | २ | ० | ६ |
| ३, ४ | अवल पराजुल | जम्मा | ४२१३ | ४०४४ | ९९ | २१ | २४ | १ | ८ | २ | ८ | ६ |
| | | पुरुष | २०३९ | १९३१ | ६७ | १३ | १० | १ | ६ | १ | ५ | ५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | २१७४ | २११३ | ३२ | ८ | १४ | ० | २ | १ | ३ | १ |
| ५,६ | डाँडा पराजुल | जम्मा | ५१०९ | ४९१२ | ९१ | ४५ | २१ | १ | १५ | ७ | १ | १६ |
| | | पुरुष | २३५२ | २२३५ | ५५ | २७ | १० | ० | १२ | ३ | १ | ९ |
| | | महिला | २७५७ | २६७७ | ३६ | १८ | ११ | १ | ३ | ४ | ० | ७ |
| जम्मा | | | १५८८३ | १५४०६ | २२० | ९२ | ६२ | ४ | ३५ | १४ | १५ | ३५ |
| पुरुष | | | ७५५३ | ७२७० | १३५ | ५७ | २६ | ३ | २४ | ६ | ११ | २१ |
| महिला | | | ८३३० | ८१३६ | ८५ | ३५ | ३६ | १ | ११ | ८ | ४ | १४ |

श्रोत: राष्ट्रिय जनगणना २०६८

# २.४ गाउँपालिकाको मुख्य भौतिक संरचना तथा सेवा अवस्था

## २.४.१ सडक संजालको अवस्था

यस गाउँपालिकाको वडा नं. १ र ६ लाई सुर्खेत–दैलेख जिल्ला स्तरीय सडकले छोएको छ। यस जिल्ला सडकको ८ कि.मि. लम्बाई यस गाउँपालिकामा पर्दछ। यस गाउँपालिकाका १ देखि ६ सम्म सबै वडा सदरमुकामहरु ९१ कि.मि. लामो कच्ची सडक संजालले जिल्ला सडकसंग जोडेको छ। साथै वडाका मुख्य गाउँहरु सडक संजाल संग जोड्नका लागि ६४ कि.मि. लामो कच्ची सडकहरु निर्माणाधीन रहेका छन्। यस गाउँपालिकाका विद्यमान सडक संजाल र निर्माणाधीन सडकहरुको बिबरण निम्न तालिका अनुसार रहेका छन्।

तालिका नं ११: सडक संजालको विद्यमान अबस्थाको विवरण

| क्र.सं. | सडकको बर्गिकरण | डुङ्गेश्वर गाउँपालिकामा सडकको लम्बाई (कि.मि.) | सडकको औसत चौडाई (मि.) | सडकले सेवा पुगेका वडाहरु |
|---|---|---|---|---|
| १ | सुर्खेत-दैलेख सडक | ८ | ५ | वडा न. १ र ६ |
| २ | ग्राभेल सडक | ० | ० | |
| ३ | कच्ची सडक | ९८ | ४ | सबै वडाहरुमा |
| ४ | मूल बाटो | २१ | १.५ | सबै वडाहरुमा |
| ५ | ढुंगा छापेको बाटो | २ | १.५ | वडा नं. ६ सातसल्ली |

श्रोत: गाउँपालिकाको बस्तुगत विवरण २०७४

तालिका नं १२: निर्माणाधीन गाउँपालिका स्तरीय सडक संजालको विवरण

| क्र.सं. | सडकको नाम | सडक को किसिम | अनुमानित लम्बाई (कि.मि.) | सडकको औसत चौडाई (मि.) | यस सडकले सेवा पुगेका वडा तथा वस्तीहरु |
|---|---|---|---|---|---|
| १ | लटाली-ज्यामीरे सडक | कच्ची सडक | ७ | ४ | लटाली, ज्यामीरे |
| २ | डुङ्गेश्वर-डाँडापराजुल–जमुना सडक | | २७ | ४ | वडा नं. ३,४,५,६ |
| ३ | मटेला-पाम्कोट सडक | | ३ | ४ | वडा नं. ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | डुङ्गेश्वर - विउराखेत सडक | | २३ | ४ | वडा नं. ३,४,६ |
| ५ | नउतले-आग्र-विउराखेत सडक | | ११ | ४ | वडा नं. ६ को नउतले, आग्र, विउराखेत |
| | जम्मा | | ७१ | | |

श्रोत: गाउँपालिकाको बस्तुगत विवरण २०७४

### २.४.२ शैक्षिक संस्थाहरु

भौगोलिक हिसाबले कठिन र बिकट यस गाउँपालिकाको समग्र शैक्षिक अवस्था सुधारका लागि विभिन्न सैक्षिक सेवाहरु प्रबाह गर्नका लागि स्थापना भएका शैक्षिक संस्थाहरु सामुदायिक र संस्थागत प्रक्रितिका रहेका छन्। यस पालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण निम्न अनुसार उल्लेख गरिएको छ।

तालिका नं १३: शैक्षिक संस्थाहरुको विवरण

| विवरण | सामुदायिक / सरकारी | निजि बिद्यालय | कुल |
|---|---|---|---|
| प्रा.वि. (१-५) | १८ | ३ | २१ |
| नि.मा.वि. (१-८) | ५ | १ | ६ |
| मा.वि. (१-१०) | १ | | १ |
| मा.वि. (१-१२) | ५ | | ५ |
| कलेज | १ | | १ |
| प्राबिधिक शिक्षालय | सामुदायीक विद्यालयमा प्राविधिक शिक्षा १ | | १ |
| सिप विकास तालिम केन्द्र | ० | | ० |

| | | | |
|---|---|---|---|
| बाल विकास केन्द्र | ३४<br>विद्यालयमा आधारित ३२<br>र समु  दायमा आधारीत २ | | ३४ |
| कुल जम्मा | ६५ | ४ | ६९ |

श्रोत: राष्ट्रिय जनगणना २०६८

## २.४.३ स्वास्थ्य संस्थाहरु

गाउँपालिकाको स्वास्थ्य प्रोफाइल २०७७ अनुसार यस गाउँपालिका अन्तर्गत रहेका सरकारी स्वास्थ्य संस्थाहरुको विवरण निम्न अनुसार रहेको छ।

तालिका नं १४: गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| वडा नं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य चौकी | उपस्वास्थ्य चौकी, प्रसुती केन्द्र, सामुदायिक स्वास्थ्य इकाई |
|---|---|---|---|
| १ | बेलपाटा स्वास्थ्य चौकी | १ | |
| २ | लाँकुरी स्वास्थ्य चौकी | १ | |
| ३ | अवलपराजुल स्वास्थ्य चौकी | १ | |
| ४ | भाऊन्नेचौर सामुदायिक स्वास्थ्य इकाई | | १ |
| ५ | डाँडापराजुल स्वास्थ्य चौकी | १ | |
| ६ | डु ङ्गे श्वर सामुदायिक स्वास्थ्य इकाई | | १ |
| | जम्मा | ४ | २ |

श्रोत: डु ङ्गे श्वर गाउँपालिकाको स्वास्थ्य प्रोफाइल २०७७

# २.५ गाउँपालिकाका नागरिकहरुको आर्थिक अवस्था

## २.५.१ मुख्य ब्यबसाय

यस गाउँ पालिकाको अर्थ तन्त्र तथा रो जगारीको अधिकां श हिस्सा कृ षि तथा पशु पालनले धाने को छ भने पछिल्ला बर्ष हरुमा बै दे शिक रो जगार पनि मू ख्य हिस्साको रुपमा रहे को दे खिन्छ । यस गाउँ पालिकाको हकमा पनि कृ षि तथा बै दे शिक रो जगारी नै मू ख्य पे शाको रुपमा रहे को सवे क्षणबाट प्र ाप्त तथ्याङ्कले वताउँ छ जस अनु सार यहाँ सबै भन्दा बढी कृ षिमा ३०.३ प्र तिशत, बै दे शिक रो जगारमा १.५ प्र तिशत, नो करीमा ३.४ प्र तिशत, तथा उद्यो ग,व्यापार व्यवसायमा ०.६ प्र तिशत र ज्याला मजदु रीमा ६.७ प्र तिशत जनसं ख्या हाल पे शागत रुपमा कार्य रत रहे को दे खिन्छ।

### तालिका नं १५: मुख्य ब्यबसाय सम्बन्धि विवरण

| ब्यबसाय | ब्यबसाय अनुसारका वडागत जनसंख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | प्र तशत |
| कृ षि | ६५५ | १३५५ | ५५० | ६२५ | ६७५ | ९५० | ४८१० | ३०.३ |
| पशु पालन | ६ | ७ | ७ | ६ | ५ | ६ | ३७ | ०.२ |
| कु खु रापालन | १५ | ११ | ५ | १२ | १७ | १९ | ७९ | ०.५ |
| माछापालन | ० | ० | ० | ० | ० | ० | ० | ० |
| व्यापार | २५६ | ६२ | २६ | ६६ | २९ | ८६ | ५२५ | ३.३ |
| उद्यो ग | १८ | १६ | १२ | १४ | १५ | १९ | ९४ | ०.६ |
| नो करी | ९५ | ७५ | ८३ | ८५ | १०२ | १०४ | ५४४ | ३.४ |
| दक्ष श्रमिक | २५ | ३७ | २४ | ३३ | ४० | ४४ | २०३ | १.३ |
| बै दे शिक रो जगार | ४७ | ५३ | ३४ | २५ | ३७ | ४२ | २३८ | १.५ |
| अदक्ष श्रमिक | १५० | १५५ | १८५ | १९५ | १८५ | १९५ | १०६५ | ६.७ |
| विद्यार्थी | ६८३ | ८७९ | ४९५ | ८९५ | ७०१ | ६६१ | ४४९४ | २८.३ |
| बे रो जगार | ४१९ | ३९० | २४२ | २९९ | ३८८ | २०५ | १९४३ | १२.२ |
| अन्य | १९१ | १६६ | ५३ | १३६ | ७४ | १४२ | १८५१ | ११.७ |
| जम्मा | २११७ | २७९३ | १४५५ | २०७२ | १८६० | २२४३ | १५८८३ | १०० |

श्रोत: राष्ट्रिय जनगणना २०६८

### २.५.२ गाउँपालिकाबाट निकासी हुने वस्तुहरु

यस गाउँ पालिकामा प्रमुख खाद्यान्न बालिहरु धान, मकै, कोदो, तोरी, भटमास आदि प्रमुख बालिको रुपमा उत्पादन गर्ने गरेको पाइन्छ। खाद्यान्न बालीमा यस गाउँपालिका साधारणतया जीविकोपार्जन मुखी भएतापनि अन्य नगदे बालीहरु फलफुल, तरकारी, पशुजन्य उत्पादन, दलहन, तेलहन आदि बाहिर निकासी गरेको देखिन्छ। यस पालिकामा कृषि क्षेत्र ब्यबसायिकरण भने हुन सकेको छैन जसले गर्दा स्थानीय स्तरमा रोजगारीको अवस्था सिर्जना हुन सकेको छैन।सामान्यतया निम्न अनुसारका वस्तुहरु यस गाउँपालिकाबाट निकासी हुने गरेका छन्।

तालिका नं१६: गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुहरुको विवरण

| क्र.सं. | वस्तुहरुको नाम | निकासी हुने सामग्रीहरुको नाम |
|---|---|---|
| १ | कृषि जन्य | लसुन, मुसुरो, केराउ, बोडी, गहुँ, मकै, तोरी, तिल, फलफुल (सुन्तला, निबुवा, ओखर) आदि |
| २ | पशु जन्य | खसी, बाख्रा, कुखुरा, घिउ, मह |
| ३ | बन तथा जडिबुटी | काउलो, झ्याउलो, सुनगाभा, पाखनबेद, लोक्ता, आदि |
| ४ | खनिज जन्य | स्लेट, ढुंगा, गिट्टी, वालुवा, आदि |

### २.५.३ कृषि योग्य जमिन र सिंचाई सुबिधा

जलश्रोतका हिसाबले यस गाउँ पालिकाका केहि वडाहरु सम्पन्नशालि मानिन्छन। कर्णाली नदीको सहायक तथा उप सहायक जलाधार क्षेत्रमा अबस्थित रहेको यस गाउँपालिका क्षेत्रमा बाह्रै महिना पानी बगी रहने लोहोरे, परजुली खोला ,हनेटी खोला,मटेली खोला जस्ता ठुला खोला/नदि देखि साना खोला, खोल्सा तथा मूलहरुबाट सिंचाई तथा पानी घट्ट चलेका छन्। यस गाउँपालिकामा

रहेका कृषि योग्य जमिन र सिंचाईको सुबिधाको विवरण निम्न अनुसार रहेको छ ।

तालिका नं१७: वडा अनुसार कृषि योग्य जमिन र सिंचित क्षेत्रफल्

| वडा नं. | साबिक गाबिस | कुल क्षेत्रफ़ल् (हेक्टर) | कृषि योग्य जमिनको क्षेत्रफ़ल् (हे.) | खेति गरिएको जमिन (हे.) | सिंचित क्षेत्रफ़ल् (हे.) | असिन्चित क्षेत्रफ़ल् (हे.) |
|---|---|---|---|---|---|---|
| १ | बेलपाटा | १००८ | ३३५ | २६० | १३७ | १९८ |
| २ | लांकुरी | २४४७ | ११४८ | ८३७ | २४७ | ९०१ |
| ३,४ | अवलराजुल | ३६८५ | ६८७ | ५७० | १४४ | ५४३ |
| ५,६ | डाँडापराजुल | ३३८० | १०८७ | ८५६ | १५२ | ९३५ |
| | जम्मा | १०५२० | ३२५७ | २५२३ | ६८० | २५७७ |

## २.५.४ बन क्षेत्र तथा ब्यबस्थापन

यस गाउँ पालिकामा ५६७७.५६ हेक्टर क्षेत्रफ़ल् मा बन क्षेत्र फैलिएको छ , जुन कुल जमिन को ५३.९७% क्षेत्रफ़ल् हो। यस गाउँपालिकाको विभिन्न वडाहरु बन पैदावार तथा जैविक विविधताका दृष्टिले महत्वपूर्ण क्षेत्र मानिन्छन। डु ङ्गे श्वर गाउँपालिकामा इलाका बन कार्यालय नारायण र डाँडापराजुल अन्तर्गत हाल विभिन्न ५० वटा सामुदायिक बन र १७ वटा कबुलियत बनहरु ३८३०.३३ हेक्टर क्षेत्रमा फैलिएको छ। भने बाँकि १८४७.२३ हेक्टर क्षेत्रमा सरकारी तथा संरक्षित् बन रहेको छ।

तालिका नं१८: गाउँपालिकामा रहेको बन क्षेत्र तथा ब्यबस्थापन विवरण

| ब्यबस्थापन अनुसार बनको प्रकार | संख्या | क्षेत्रफ़ल् (हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| सामुदायिक बन | ५० | ३७३५.१७ | ६५.७९ |
| कबुलियत बन | १७ | ९५.१६ | १.६८ |
| धार्मिक बन | ० | ० | ० |
| सरकारी संरक्षित् बन | १ | १८४७.२३ | ३२.५४ |
| अन्य/निजि बन | ० | ० | ० |
| जम्मा | ६८ | ५६७७.५६ | १००.०० |

### २.५.५ आर्थिक रुपले सक्रिय जनसंख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्यालाई आर्थिक रुपले सक्रिय र निस्क्रिय उमेर समूहका गरि विश्लेषण गर्दा कुल ५३.४५% (१५ देखि ५९ वर्ष उमेर समुहका) जनसंख्या आर्थिक रुपले सक्रिय देखिन्छन् जसमा ३८६२ पुरुष र ४६२७ महिला गरि जम्मा ८४८९ जनसंख्या रहेको छ। हालको अवस्थाको बस्तुस्थिति हेर्दा यो जनासंख्या बढेको सहजै अनुमान गर्न सकिन्छ। राष्ट्रिय जनगणना २०६८को विवरणलाई आर्थिक रुपले सक्रिय उमेर समूह अनुसार निम्न अनुसारका तालिकामा उल्लेख गरिएको छ।

तालिका नं१९: आर्थिक रुपले सक्रिय उमेरका जनसख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| ०-१४ | ३१०८ | ३११९ | ६२२७ | ३९.२१ |
| १५-५९ | ३८६२ | ४६२७ | ८४८९ | ५३.४५ |

| | | | | |
|---|---|---|---|---|
| ६०+ | ५८३ | ५८४ | ११६७ | ७.३५ |
| जम्मा | ७५५३ | ८३३० | १५८८३ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना २०६८

### २.५.६ विपन्नता स्तरीकरण

यस गाउँपालिकाका विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको समन्वयमा वडाका घरधुरीहरुको गरिबी मापन विश्लेषण गर्दा यस गाउँपालिकामा ४८.०२% अति गरिब, २६.३६% गरिब, १५.३५% मध्यम र १०.२७% सम्पन्न घरपरिवार रहेका छन्। वडा अनुसारका प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं २०: वडा अनुसार विपन्नता स्तरीकरण मापनको बिबरण

| वडा नं. | अति गरिब | गरिब | मध्यम | सम्पन्न | जम्मा |
|---|---|---|---|---|---|
| १ | १४८ | १२२ | ३८ | १५० | ४५८ |
| २ | २७५ | २५३ | १९२ | ११ | ७३१ |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | २७२ | १२३ | ४३ | ३१ | ४६९ |
| ६ | ३३४ | ६७ | ५६ | २८ | ४८५ |
| जम्मा | १०२९ | ५६५ | ३२९ | २२० | २१४३ |
| औशत प्रतिशत | ४८.०२% | २६.३६% | १५.३५% | १०.२७% | १००.००% |

श्रोत: गाउँपालिकाको बस्तुगत विवरण २०७४

## २.६ खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

यस गाउँपालिकामा एस एन भी नेपालको कार्यक्रम अन्तर्गत सन् २०२० मा खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था अध्ययन गर्दा यस गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्था देहाय बमोजिम रहेको देखिएको छ।

खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था र सुझाब:

- खानेपानी, सरसफाई तथा स्वच्छता आयोजनाहरुमा महिलाहरुको लागि आयआर्जन कार्यक्रमहरुको अवसर नरहेको
- खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धका बैठक, छलफल एवं निर्णय गर्ने प्रक्रियामा महिला र पुरुष दुबैको समान सहभागिता हुने नगरेको। यस्ता बैठकहरुमा महिलाहरुको सहभागिता नगन्य रहने गरेको र निर्णय प्रक्रियामा पुरुषहरुको प्रभुत्व रहने गरेको।

खानेपानीमा अपांगता भएका व्यक्तिहरुको समावेशीकरणको अवस्था:

त्यसै गरि एस एन भी नेपाल र सिविएम को संयुक्त पहलमा सन् २०१९ मा गरिएको अर्को अध्ययनले अपांगता भएका व्यक्तिहरुको समावेशिताको अवस्था निम्न अनुसार देखाएको छ ।

- अपां गता परिचय पत्र वितरणका लागि यस गाउँ पालिकाले घु म्ती शिविर सं चालन गरि वितरण गने ि गरे को ।
- यस पालिकाका दुर्गम क्षेत्रका अपांगता भएका व्यक्तिहरुले सरकारबाट उपलब्ध हुने कुनै पनि सहयोग नलिएको अवस्था देखिएको छ। दुर्गम

क्षेत्रका अपांगता भएका व्यक्तिहरुले सरकारबाट उपलब्ध सहयोग लिन नसक्नुका निम्न अनुसारका कारणहरु मुख्यतया देखिएका छन्।

- ○ अपांगताको परिचय पत्र लिनको लागि सरकारी प्रशासनिक केन्द्र टाढा भएको
- ○ अपांगता भएको मेडिकल प्रमाणपत्र लिनको लागि गाह्रो भएको
- ○ अपांगता भएका व्यक्तिहरुको लागि संशोधित कानुन कार्यान्वयन गर्ने प्रशासनिक ढिलाई भएको

- यस गाउँपालिकाका अपांगता भएका व्यक्तिहरुमा दैनिक व्यक्तिगत कार्य गर्न धेरै कठिनाई भएको र बहु-अपांगता भएको पाइएको छ।
- यस गाउँपालिकाका अपांगता भएका व्यक्तिहरु र उनीहरुको हेरचाह गर्ने व्यक्तिहरुलाई यस गाउँपालिकामा संचालन भईरहेको खानेपानी, सरसफाई तथा स्वच्छता सचेतना अभिवृद्धि कार्यक्रम, साथै छाउपडी न्यूनीकरण गरि महिलाहरुको महिनावारी स्वच्छताको लागि खानेपानीमा सधैं सहज पहुँच वृद्धि गर्ने सचेतना कार्यक्रमको विषयमा जानकारी नभएको पाईयो।
- यस गाउँपालिकाका अपांगता भएका महिलाहरु र उनीहरुका हेरचाह गर्ने व्यक्तिहरुको अपांगता भएका पुरुषहरुको तुलनामा समुदाय स्तरका बैठकहरुमा सहभागिता कम देखिएको छ। यस गाउँपालिकामा सामुदायिक बैठकहरुमा सहभागी हुने अपांगता भएका व्यक्तिहरुमा पुरुषहरु नै देखिएको छ जो अपांगता भएका व्यक्तिहरुको संस्थामा समेत संलग्न रहेको देखिएको छ।
- यस गाउँपालिकाका अपांगता भएका व्यक्तिहरु र उनीहरुका हेरचाह गर्ने व्यक्तिहरु समुदायमा हुने कार्यक्रमहरुमा कम सहभागिता हुनुका धेरै कारणहरु देखिएका छन्। धेरै कारणहरु मध्ये केहि कारणहरु देहाय अनुसारका रहेका छन्।

- अपांगता भएका व्यक्तिहरु प्रति समुदायको नकारात्मक धारणा रहेको
- व्यक्ति र जमिनको अवस्था अनुसार मिलाउन सकिने सहयोगी उपकरणहरूको अभाव रहेको
- अपांगता भएका व्यक्तिहरु प्रति समुदायको नकारात्मक धारणा रहेको कारणले बैठकहरुमा अपांगता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता हुनमा निरुत्साह गरेको

- यी अध्ययनहरुमा खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था सुधारका लागि गाउँपालिकालाई निम्न अनुसारका सुझाबहरु संलग्न छन्।
  - खानेपानी आयोजनाको तथ्यांक अद्यावधिक गर्दा अपांगता भएका व्यक्ति र अपांगताको विवरणका तथ्यांकहरु समावेश गर्ने ।
  - अपांगता भएका व्यक्तिहरु प्रति समुदायको नकारात्मक धारणा लाई सकारात्मक सोचमा परिवर्तन गर्ने ।
  - खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धका बैठकहरु र खानेपानी आयोजना संचालन ब्यबस्थापनका छलफलहरुमा अपांगता भएका व्यक्तिहरुको सहभागिताको लागि प्रोत्साहन गर्ने
  - स्थानीय सरकार र सहयोगी निकायहरुले अपांगता भएका महिलाहरुको अधिकारको पहिचान गर्ने र खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाका मुद्धाहरुमा नियमित रुपमा परामर्श गर्ने।
  - खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरणमा यस गाउँपालिकामा काम गर्ने संस्थाहरुको सुची तयार गर्ने

- लक्षित् वर्ग (अल्पसख्यक, आदि) को खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धका र आयोजनाका बैठकहरुमा सहभागिता बढाउने सम्बन्धमा गाउँपालिकाका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने
- अपांगता भएका व्यक्तिहरुको सहायता केन्द्र स्थापना र संचालन गर्न सहयोग (आर्थिक र विज्ञ परामर्श) गर्ने
- खानेपानी आयोजनाहरुलाई लैगिक समानता तथा समाबेशीकरण सम्बन्धमा तालिम दिने
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति प्राथमिकताका साथ बनाई खानेपानी आयोजनाहरुमा कार्यन्वयन गर्ने
- खानेपानी आयोजनामा समावेस हुनुपर्ने लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरु:
  - नेतृत्व विकास क्षमता अभिवृद्धि तालिम
  - अपांगता भएका व्यक्तिहरुको खानेपानी तथा सरसफाईमा पहुँचको लागि उपयुक्त बाटो सुबिधाको अडिट
  - खानेपानी आयोजना संचालन ब्यबस्थापनमा महिला सहभागिता र महिलाहरुको आयआर्जन वृद्धिको अवसर
  - व्यवहार परिवर्तन संचार संदेश दिंदा संवेदनशिल हुने (ब्यबहार परिवर्तनलाई व्यक्तिको मर्यादा र स्वास्थ्यसंग केन्द्रित गर्ने)
  - एक-घर-एक-धारा अवधारणाको कार्यन्वयनलाई निरन्तरता दिई कोहि पनि नछुट्ने गरि सबैलाई खानेपानीको पहुँच सुनिस्चित गर्ने।

## २.७ दुङ्गेश्वर गाउँपालिकाको संगठनात्मक संरचना ढांचा

**गाउँसभा** → लेखा, विधायन, सुशासन तथा अन्य समिति

**गाउँकार्यपालिका** → आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति

**अध्यक्ष** → **उपाध्यक्ष** → न्यायिक समिति

**प्रमुख प्रशासकीय अधिकृत**
रा.प.द्वितीय – १

### प्रशासन, योजना तथा अनुगमन शाखा
शाखा अधिकृत रा.प.तृ (प्र) वा अधिकृत सातौं/आठौं – १

**प्रशासन इकाई**
- ना.सु.रा.प.अनं.प्र.(प्र)/अधिकृत छैठौं/सहायक पाँचौं – १

**राजस्व इकाई**
- ना.सु. रा.प.अनं.प्र.(प्र.)/ अधिकृत छैठौं/ सहायक पाँचौं – १

**योजना तथा अनुगमन इकाई**
- ना.सु. रा.प.अनं.प्र.(प्र.)/ अधिकृत छैठौं/ सहायक पाँचौं – १

**कानुनी मालमि इकाई :**
- ना.सु. रा.प.अनं.प्र.(जयाय)/ अधिकृत छैठौं/ सहायक पाँचौं – १

↕

**वडा कार्यालय**
- ना.सु.रा.प.अनं. प्र(प्र)/ खरिदार रा.प.अनं.द्वि(प्र)/अधिकृत छैठौं/सहायक पाँचौं/चौथो – १
- सव.इन्जि. रा.प.अनं.प्र.(प्र)/अधिकृत छैठौं/सहायक पाँचौं/अ.सव.इन्जि./सहायक चौथो – १

### पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा
इन्जिनियर (रा.प.तृ)(प्रा.) (सिभिल, जनरल/वि.आ./स्यानीटरी/सिचाई/हाईवे) वा इन्जिनियर सातौं/आठौं – १

**सडक तथा अन्य पर्वाधार विकास इकाइ**
- सव इन्जि, रा.प.अनं.प्रा.(जनरल/हाईवे/सिचाई) वा इन्जिनियर छैठौं/सव इन्जि.पाचौं – २

**भवन तथा वस्ती विकास इकाई**
- सव इन्जि., रा.प.अनं.प्र.(प्रा.) (सीलभि, जनरल/वि.आ.) वा इन्जिनियर छैठौं/सव इन्जि.पाचौं – २
- सवेक्षक, रा.प. अनं. प्र (प्रा.) वा सहायक (प्रा.) पाचौं – १

**वातावरण, सरसफाइ तथा विपद् व्यवस्थापन इकाइ**
- ना.सु./रेजजर रा.प.अनं.प्र (प्रा.,वन) वा अलिकृत छैठौं – १
- ना.सु. रा.प.अनं. प्रथम (प्र) वा सहायक पाचौ (प्र./प्रा) – १

### स्वास्थ्य तथा सामाजिक विकास शाखा
शा.अ. रा.प.तृ (प्र)/महिला विकास अधिकृत/ जनस्वास्थ्य अधिकृत (प्रा.) सातौं/आठौं – १

**सामाजिक सुरक्षा तथा पन्जिकरण इकाई**
- ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/ सहायक पाँचौं – १

**महिला,बालबालिका तथा समाज कल्याण इकाई**
ना.सु. रा.प.अनं.प्र.(प्र.)/महिला विकास निरिक्षक, रा.प.अनं.प्र(विविध)/ खरिदार रा.प.अनं.द्वि.(प्र.) /सहायक महिला विकास निरिक्षक, रा.प.अनं.द्वि.(वव.) वा सहायकस्तर पाँचौं/चौथो – १

↕

**सेवा केन्द्रहरु**
- प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी
- अन्य

### शिक्षा, युवा तथा खेलकुद शाखा
शा.अ. रा.प.तृ (शिक्षा) वा अधिकृत सातौं/आठौं – १
प्राविधिक सहायक रा.प.अनं.(शिक्षा.)/ ना.सु.रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/ सहायक पाचौं -१

↕

- बालविकास कन्द्र
- विद्यालय
- खेलकद समिति/केन्द्र
- यवा विकास समिति
- स्थानीय स्तरका प्राविधिक तथा व्यवसायी तालिम केन्द्र आदि

### आर्थिक विकास शाखा
शा.अ., रा.प.तृ (कृषि/प्रशासन) वा उद्योग अधिकृत सातौं/आठौं – १

**उद्योग तथा व्यवसाय प्रवद्धन इकाई**
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाँचौं – १


↕

**इकाई/सेवा केन्द्रहरु**
- पर्यटन
- घरेलु तथा साना उद्योग
- कृषि सेवा केन्द्र/पशु सेवा केन्द्र
- अन्य

### आर्थिक प्रशासन शाखा
- लेखा अधिकृत, रा.प.तृ. – १
- ले.पा., रा.प. अनं. प्र. /अधिकृत छैठौं/ सहायक पाँचौं – १
- सहले.पा.रा.प.अनं.द्वि/सहायक पाँचौं/चौथो – १

### अन्तरिक लेखा परिक्षण इकाई
- आन्तरिक लेखा परिक्षक, रा.प.अनं. प्रथम/सहायक पाँचौ – १

## २.८ प्रस्तावित सङ्गठन तालिका




*स्रोत : सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण कार्यशाला, डुङ्गेश्वर गाउँपालिका, २०७७।*

## गाउँ कार्यपालिका समिति र उप-समितिहरुको संरचना

डु ङ्गे श्वर गाउँपालिकाको कार्यपालिकाले आफ्नो काम कारबाहीलाई थप ब्यबस्थित रुपमा संचालन गरि कार्य सम्पादन स्तर गुणात्मक बनाई उच्चतम नतिजा प्राप्त गर्न गाउँपालिकाको बिषयगत क्षेत्रमा विशिष्टीकृत रुपमा नीति, योजना तथा कार्यक्रम संचालन गरि कार्यपालिकाको बैठकको उपलब्धिलाई अझ वृद्धि गर्न नेपालको संबिधान २०७२ अनुसार कार्यपालिकाले मिति २०७५/३/१५ गतेको बैठको निर्ण य र स्थानीय सरकार सञ्चालन ऐन, २०७४अनुसार कार्यपालिकाले निम्न समिति उपसमिति गठन सम्बन्धि कार्यविधि बनाई लागु गरेको छ।

一 सुशासन समिति

二 आर्थिक विकास समिति

三 सामाजिक विकास समिति

四 बिधायक समिति

五 राजस्व परामर्श समिति

六 पुर्बाधार समिति

七 बन तथा वाताबरण समिति

八 भवन व्यवस्था समिति

九 सूचना प्रविधि समिति

१० सम्पदा तथा पर्यटन समिति

११ विपद ब्यबस्थापन समिति

## समिति गठन

一 नेपालको संबिधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित नेपाल कानुनले स्थानीय तहलाई उपलब्ध गराइएको

अधिकारको समुचित प्रयोग गर्दै स्थानीय शासन प्रशासन लाई ब्यबस्थित बनाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिस्चित गरि सुलभ र गुणस्तरीय सेवा प्रबाह गर्न मद्धत पुराउने उद्धेश्यले डु ङ्गे श्वर गाउँपालिका अन्तर्गत बिषयगत क्षेत्रमा केन्द्रित भई विशिष्टीकृत रुपमा विषयहरु उपर छलफल गरि निस्किएका निचोड तथा प्रस्ताव लाई प्रमुख मार्फत कार्यपालिकामा पेश गरि आवश्यक कानुन, नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने, कार्यन्वयन गर्ने गराउने तथा अनुगमन मार्फत उपलब्धिलाई उच्चतम गराउन आबश्यक देखिएकोले हालको संस्थागत तथा बिषयगत क्षेत्रलाई आधार मानी कार्यपालिका मातहत रहने समिति / उप-समिति गठन गरिने छ।

二 उपनियम १ बमोजिमका समितिहरु गठन कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।कार्यपालिकाको सदस्य मध्येबाट संयोजक १, सदस्य बढीमा ३ जना र सदस्य सचिवमा सम्बद्ध शाखाको प्रमुख रहने गरि समिति संरचना हुनेछ। समितिको बैठकमा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछन। अध्यक्ष र उपाध्यक्ष बाहेक कार्यपालिकाको सदस्य कुनै एक बिषयगत समितिमा मात्र संयोजक वा सदस्य हुन सक्नेछन।

**उप समिति गठन**

समितिले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा विस्तृत अध्ययन विश्लेषण गर्न बढीमा ३ सदस्यीय उपसमिति गठन गरि जिम्मेवारी तोक्न सक्नेछ।

(श्रोत: डु ङ्गे श्वर गाउँपालिका कार्यविधि, नियमावलीहरुको संगालो २०७५)

## २.८ हाल गाउँपालिकामा कार्यरत विकास साझेदारहरु र संघिय/प्रदेश सरकार स्तरीय आयोजनाहरु

डु ङ्गे श्वर गाउँपालिकाको विकास र सम्वृद्धिमा ठुलो भूमिका र योगदान पुराउने हेतुले विभिन्न सरकारी र गैरसरकारी संघ संस्थाहरु पनि लागेका छन् । खानेपानी, स्वास्थ्य, पोषण, उद्यम शिलता विकास, जलवायु परिवर्तन तथा प्रकोप न्यूनीकरण आदि क्षेत्रमा सरकारी र गैरसरकारी संस्थाहरुले आफ्नो कार्यक्रम लक्षित् वर्ग सम्म पुराउनमा गाउँपालिकालाई सहयोग गरेका छन् । संघिय/प्रदेश सरकारका आयोजनाहरु र विभिन्न विकास साझेदार अन्तरराष्ट्रिय संस्थाहरु र यिनको सहयोगमा संचालित संस्थाहरु यस गाउँपालिकामा कार्यरत रहेका छन् । यस गाउँपालिकामा निम्न अनुसारका सरकारी र राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरु कार्यरत रहेको विवरण छलफल तथा अभिलेखबाट देखिएको छ ।

तालिका नं २१: डु ङ्गे श्वर गाउँपालिकामा कार्यरत विकास साझेदारहरु र संघिय/प्रदेश सरकार स्तरीय आयोजनाहरुको विवरण

| क.सं. | कार्यरत संस्थाको नाम | संस्थाको प्रकार | कार्यक्रम लागु भएको वडा नं. हरु | कार्य क्षेत्र | विकास साझेदार: अन्तर राष्ट्रिय संस्था / प्रोजेक्टको नाम |
|---|---|---|---|---|---|
| १ | एभरेस्ट क्लब | गैर सरकारी | सबै वडाहरु | खानेपानी, सरसफाई र स्वच्छता | एस एन भी नेपाल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संस्था | | | |
| २ | वार्मपी/हेल्भेटास | प्रोजेक्ट | सबै वडाहरु | खानेपानी, सरसफाई र स्वच्छता | हेल्भेटास नेपाल |
| ३ | एभरेस्ट क्लब | गैर सरकारी संस्था | वडा नं. २ र ५ | स्वास्थ्य र पोषण | सुआहारा |
| ४ | आशा | प्रोजेक्ट | सबै वडाहरु | जलवायु परीवर्तन | ईफाड |
| ५ | सोसेक | गैर सरकारी संस्था | सबै वडाहरु | उद्यम विकास | |
| ६ | खानेपानी डिभिजन कार्यालय | सरकारी कार्यालय | वडा नं. १, २, र ३ | खानेपानी आयोजना निर्माण | प्रदेश सरकार |

श्रोत: अध्यावधिक गाउँपालिकाको बस्तुगत विवरण २०७४

# ३ परिच्छेद ३. खानेपानी अबस्थाको विश्ले षण

## ३.१ विद्यमान खानेपानी आयोजना

डु ङ्गे श्वर गाउँपालिकामा जम्मा ९१ विद्यमान खानेपानी आयोजना रहेका छन् जस मध्ये ८७ पाइपलाइन आयोजना र ४ वटा मुहान सुधार आयोजना रहेका छन्। यस पालिकाका ९१ आयोजनाबाट २०३८ घर परिवार, ७ स्वास्थ्य संस्था र २० विद्यालय लाइ समेटेको छ। विद्यमान ८७ पाइपलाईन आयोजनाहरु मध्ये हाल संचालनमा रहेका ८१ पाइपलाइन आयोजनाबाट १८८७ घरपरिवार, ७ स्वास्थ्य संस्था र २० विद्यालयलाई खानेपानी सेवा पुगेको छ। साथै ५७ घर परिवारलाई ४ वटा मुहान सुधार प्रणाली आयोजनाबाट खानेपानी सेवा उपलब्ध रहेको छ । छ वटा पाइपलाइन आयोजनाहरु हाल बन्द रहेकाले ९४ घरपरिवारहरु यी योजनाबाट वितरित खानेपानी सेवाबाट हाल बन्चित रहेका छन् (तालिका २२)।

तालिका नं २२: खानेपानी आयोजना संख्या र सेवा वितरण

| आयोजनाको प्रकार | आयोजना संख्या | घर परिवार संख्या | स्वास्थ्य संस्था संख्या | बिद्यालय संख्या |
|---|---|---|---|---|
| संचालनमा रहेका आयोजना | ८५ | १९४४ | ७ | २० |
| पाइपलाईन प्रणाली | ८१ | १८८७ | ७ | २० |
| मुहान सुधार प्रणाली | ४ | ५७ | ० | ० |
| हाल संचालन बन्द रहेका आयोजना | ६ | ९४ | ० | ० |
| पाइपलाईन प्रणाली | ६ | ९४ | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | ९१ | २०३८ | ७ | २० |

संचालनमा रहेका पाइपलाइन आयोजनाहरुबाट १०.६% घरधुरीलाई खानेपानीको निजि धाराको सुबिधा रहेको छ भने ८९.४% घरधुरीलाई सामुदायिक धाराको सेवा उपलब्ध छ। यी आयोजनाहरुबाट ७ वटै स्वास्थ्य संस्था र २० वटै बिद्यालयहरुमा निजि धारा जडान भएको छ (तालिका २३)।

तालिका नं २३: धारा जडानको प्रकार अनुसार विद्यमान  पाइपलाइन आयोजनाबाट सेवा %

| धारा जडानको प्रकार | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % |
|---|---|---|---|
| सामुदायिक धारा | ८९.४ | ०.० | ०.० |
| निजि धारा | १०.६ | १००.० | १००.० |
| कार्यालय, उद्योग, होटेल, आदिका लागि धारा | ०.० | ०.० | ०.० |
| जम्मा | **१००.०** | **१००.०** | **१००.०** |

## ३.२ खानेपानीको गुणस्तर परिक्षण

प्रत्येक आयोजनाको वितरण पाइपलाईनको सबै भन्दा टाढाको धारा जहाँ लामो पाइपलाइनको कारणले गर्दा प्रदुषणको सबै भन्दा उच्च जोखिम हुन्छ ,त्यस्ता प्रत्येक आयोजनामा १-३ धाराहरु छनौट गरेर पानी परिक्षण गरि सबै भन्दा नराम्रो गुणस्तर (धेरै इ-कोलाई) रहेको धाराको आधारमा त्यस आयोजनाको पानीको गुणस्तर निर्धारण गरिएको छ।यसरि यस गाउँपालिकामा २५.३ %

आयोजनामा सुन्य इ-कोलाई अर्थात् सुरक्षित् गुणस्तरको पानी रहेको देखिन्छ। यसरि उक्त आयोजनाहरुबाट सुरक्षित् गुणस्तरको पानी सेवा लिएका घरहरु १६.३% र स्वास्थ्य संस्था १४.३ % रहेका छन्।

तालिका नं २४: हाल संचालनमा रहेका खानेपानी आयोजनाबाट वितरित धाराको पानीमा इ-कोलाई परिक्षणको नतिजा

| इ-कोलाई परिक्षण नतिजा | **आयोजना %** | **घर परिवार %** | **स्वास्थ्य संस्था %** | **बिद्यालय %** |
|---|---|---|---|---|
| सुन्य इ-कोलाई | २५.३ | १६.६ | १४.३ | ०.० |
| १० इ-कोलाई | १२.१ | १३.९ | २८.६ | २५.० |
| २० इ-कोलाई | १८.७ | १७.० | २८.६ | ३०.० |
| ५० इ-कोलाई | १३.२ | २१.४ | २८.६ | २५.० |
| १०० इ-कोलाई | २०.८ | ३१.१ | ०.० | ०.० |
| २०० इ-कोलाई | २.२ | ०.७ | ०.० | ५.० |
| ५०० इ-कोलाई | ३.३ | २.६ | ०.० | ०.० |
| १००० इ-कोलाई | २.२ | ३.९ | ०.० | ५.० |
| गणना गर्न नसकिने इ-कोलाई | १७.६ | २१.४ | ०.० | १०.० |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० |

# ३.३ खानेपानीको सेवास्तर विश्लेषण

## ३.३.१ खानेपानीको गुणस्तर सेवास्तर

यस गाउँपालिकाको विद्यमान खानेपानी आयोजनाको नमुना धाराको पानीमा इ-कोलाई परिक्षण गर्दा ७.८% घरपरिवारमा उच्च, ८७.६% मा निम्न र ४.६% मा सुन्य खानेपानी गुणस्तर सेवा स्तर रहेको छ। ४.६% घर परिवारहरुको हाल आयोजनाको खानेपानी सेवा संचालन बन्द रहेकोले पानी परिक्षण हुन नसकेको कारणले सेवा स्तर सुन्य रहेको छ।साथै १४.३% स्वास्थ्य संस्थामा उच्च र ८५.७% मा निम्न स्तरको खानेपानी गुणस्तर सेवा रहेको छ। त्यसैगरी सबै विद्यालयहरुमा खानेपानी गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको छ (तालिका २५)।

तालिका नं २५: डु ङ्गे श्वर गाउँ पालिकामा गुणस्तर सेवा स्तर

| गुणस्तर सेवा स्तर | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % | आयोजना % |
|---|---|---|---|---|
| सुन्य (०) स्तर | ४.६ | ०.० | ०.० | ६.६ |
| निम्न (१) स्तर | ८७.६ | ८५.७ | १००.० | ८३.५ |
| आधारभुत (२) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| मध्यम (३) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| उच्च (४) स्तर | ७.८ | १४.३ | ०.० | ९.९ |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० |

### ३.३.२ खानेपानीको परिमाण सेवास्तर

यस गाउँपालिकामा रहेका विद्यमान ९१ खानेपानी आयोजनाहरु मध्ये २७.५% आयोजनाको खानेपानी परिमाण सेवास्तर उच्च, २६.४% मध्यम, २३.१% आधारभुत, १४.३% निम्न र ८.८% सुन्य रहेको छ। यी आयोजनाहरुले समेटेका घरहरुमा २०.८% मा उच्च, १९.७ % मा मध्यम, २८.४% मा आधारभुत, २५.२% मा निम्न र ५.९% मा सुन्य खानेपानी परिमाण सेवास्तर रहेको छ। यसैगरि १४.३% स्वास्थ्य संस्थामा उच्च, ४२.९% मा आधारभुत, र ४२.९% मा निम्न स्तरको खानेपानी परिमाण सेवा रहेको छ। त्यस्तै १०% बिद्यालयहरुमा मध्यम, ६५% मा आधारभूत्, र २५% मा निम्न स्तरको खानेपानी परिमाण सेवा रहेको छ (तालिका २६)।

तालिका नं २६: ङु ङ्गे श्वर गाउँ पालिकामा परिमाण सेवा स्तर

| परिमाण सेवा स्तर | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % | आयोजना % |
|---|---|---|---|---|
| सुन्य (०) स्तर | ५.९ | ०.० | ०.० | ८.८ |
| निम्न (१) स्तर | २५.२ | ४२.९ | २५.० | १४.३ |
| आधारभुत (२) स्तर | २८.४ | ४२.९ | ६५.० | २३.१ |
| मध्यम (३) स्तर | १९.७ | ०.० | १०.० | २६.४ |
| उच्च (४) स्तर | २०.८ | १४.३ | ०.० | २७.५ |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० |

### ३.३.३ खानेपानीको पहुँच सेवास्तर

यस गाउँ पालिकामा हाल रहेका विद्यमान ९१ आयोजनाले सेवा पुराएका २०३८ घर धुरी मध्ये ७.७% आयोजनामा निजि धारा प्रणाली वितरण भएको छ जसले १.५% घरपरिवारमा उच्च स्तरको खानेपानी पहुच सेवा उपलब्ध छ। ४७.३% आयोजनामा आधारभुत स्तरको पहुच छ जसले २९.८% घरपरिवारलाई आधारभुत स्तरको पहुच पुराएको छ। ३८.५% आयोजनामा खानेपानी धाराको पहुँच निम्न स्तरको रहेको छ जसले ६४.१% घरधुरीलाई यस्तो निम्न स्तरीय सेवा दिएको छ। ६.६% आयोजनाको हाल संचालन बन्द रहेकोले ४.६% घरधुरीमा खानेपानीको पहुँच सुन्य स्तरको छ (तालिका २७)।

तालिका नं २७: डु ङ्गे श्वर गाउँ पालिकामा खानेपानीको पहुँच सेवा स्तर

| पहुँच सेवा स्तर | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % | आयोजना % |
|---|---|---|---|---|
| सुन्य (०) स्तर | ४.६ | ०.० | ०.० | ६.६ |
| निम्न (१) स्तर | ६४.१ | ५७.१ | ५०.० | ३८.५ |
| आधारभुत (२) स्तर | २९.८ | ४२.९ | ३५.० | ४७.३ |
| मध्यम (३) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| उच्च (४) स्तर | १.५ | ०.० | १५.० | ७.७ |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० |

### ३.३.४ खानेपानीको विश्वसनीयता सेवास्तर

यस गाउँपालिकामा रहेका ९१ विद्यमान खानेपानी आयोजनाहरु मध्ये २४.२% आयोजनामा खानेपानीको विश्वसनीयता सेवा स्तर उच्च रहेको छ जसले १४.५%

घरपरिवार, १४.३% स्वास्थ्य संस्था र १०% विद्यालयलाई सो उच्च स्तरको सेवा पुराएको छ। ३.३% आयोजनाको विश्वसनीयता सेवा स्तर मध्यम रहेको छ जसले ६.१% घर परिवार, १४.३% स्वास्थ्य संस्था, र १०% विद्यालयहरुलाई सो स्तरको सेवा पुराएको छ। यसै गरि, ४.४% आयोजनाहरुमा विश्वसनीयता सेवा स्तर आधारभूत रहेको छ जसले ३% घरपरिवार र १५% विद्यालयलाई सो स्तरको सेवा पुराएको छ। त्यसैगरि ६१.५% आयोजनाहरुमा खानेपानी विश्वसनीयता सेवा स्तर निम्न रहेको छ जसले ७१.८% घर धुरी, ७१.४% स्वास्थ्य संस्था, र ६५६५% विद्यालयहरुमा सो निम्न स्तरीय सेवा पुराएको छ। यसै गरि ६.६% आयोजनाको संचालन हाल बन्द रहेको छ जसले गर्दा ४.६% घरधुरीहरुमा खानेपानी विश्वसनीयता सेवा सुन्य स्तरको रहेको छ (तालिका नं. २८)।

तालिका नं २८: डु ङ्गे श्वर गाउँ पालिकामा विश्वसनीयता सेवा स्तर

| विश्वसनीयता सेवा स्तर | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % | आयोजना % |
|---|---|---|---|---|
| सुन्य (०) स्तर | ४.६ | ०.० | ०.० | ६.६ |
| निम्न (१) स्तर | ७१.८ | ७१.४ | ६५.० | ६१.५ |
| आधारभुत (२) स्तर | ३.० | ०.० | १५.० | ४.४ |
| मध्यम (३) स्तर | ६.१ | १४.३ | १०.० | ३.३ |
| उच्च (४) स्तर | १४.५ | १४.३ | १०.० | २४.२ |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० |

### ३.३.५ खानेपानीको समग्र सेवास्तर

यस गाउँपालिकाका ९१ विद्यमान आयोजनाहरु मध्ये २.२% आयोजनाको समग्र खानेपानी सेवास्तर आधारभुत रहेको छ जसले ०.८% घरपरिवार र १४.३% स्वास्थ्य संस्थाहरुलाई यस स्तरको सेवा पुराएको छ । त्यसैगरी ८९% आयोजनामा समग्र खानेपानी सेवास्तर निम्न स्तरको रहेको छ जसले ९३.३% घरपरिवार, ८५.७% स्वास्थ्य संस्था, र १००% विद्यालयहरुलाई सो स्तरको सेवा दिएको छ । त्यस्तै ८.८% आयोजनाहरुको समग्र खानेपानी सेवास्तर सुन्य रहेको छ जसले ५.९% घरपरिवारहरुको खानेपानी समग्र सेवास्तर सुन्य रहेको छ (तालिका २९)।

तालिका नं २९: डुङ्गेश्वर गाउँ पालिकामा समग्र सेवा स्तर

| समग्र सेवा स्तर | घर परिवार % | स्वास्थ्य संस्था % | बिद्यालय % | आयोजना % |
|---|---|---|---|---|
| सुन्य (०) स्तर | ५.९ | ०.० | ०.० | ८.८ |
| निम्न (१) स्तर | ९३.३ | ८५.७ | १००.० | ८९.० |
| आधारभुत (२) स्तर | ०.८ | १४.३ | ०.० | २.२ |
| मध्यम (३) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| उच्च (४) स्तर | ०.० | ०.० | ०.० | ०.० |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० |

## ३.३.६ खानेपानीको समग्र सेवास्तर निम्न हुनुका कारणहरुको विश्लेषण

### घरधुरीहरुको समग्र सेवा स्तर विश्लेषण

यस गाउँपालिकामा विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका २०३८ घरपरिवारहरुको गुणस्तर, परिमाण, पहुँच र विश्वशनीयता सूचकहरु अनुसारको खानेपानी सेवास्तर अवस्था तालिका नं. ३० र ३१ मा एकमुस्ट रुपमा प्रस्तुत गरिएको छ । यस गाउँपालिकाका घरधुरीहरुको खानेपानी सेवास्तर अवस्था परिमाण सूचक अनुसार ३१.१%, गुणस्तर अनुसार ९२.२%, पहुँच अनुसार ६८.७% र विश्वसनीयता अनुसार ७६.४% आधारभूत भन्दा तल रहेको देखिन्छ। आयोजनाको समग्र सेवास्तर कायम गर्दा यिनै चारवटा सूचक अनुसारका सेवास्तरहरु मध्ये सबैभन्दा न्युन सेवास्तर नै त्यस आयोजनाको खानेपानी समग्र सेवास्तर कायम गरिएको छ । यसरि विश्लेषण गर्दा ९२.२% आयोजनाका घरधुरीहरुको गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको र आधारभूत भन्दा माथि रहेका ७.८% आयोजनाहरुको समेत अन्य तिन वटा सूचकहरु मध्ये कुनै एक सूचक अनुसारको सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले गर्दा यस गाउँपालिकाका ९९.२% घरधुरीहरुको समग्र सेवास्तर आधारभूत भन्दा तल परेको छ।

तालिका नं ३०: आयोजनाका घरपरिवारहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (घरपरिवार संख्या)

| खानेपानी सेवा | घरधुरी संख्या |
|---|---|

| स्तर वर्गीकरण | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
|---|---|---|---|---|---|
| सुन्य (०) स्तर | १२० | ९४ | ९४ | ९४ | १२० |
| निम्न (१) स्तर | ५१४ | १७८६ | १३०७ | १४६३ | १९०१ |
| आधारभुत (२) स्तर | ५७९ | ० | ६०७ | ६२ | १७ |
| मध्यम (३) स्तर | ४०१ | ० | ० | १२४ | ० |
| उच्च (४) स्तर | ४२४ | १५८ | ३० | २९५ | ० |
| जम्मा | २०३८ | २०३८ | २०३८ | २०३८ | २०३८ |

तालिका नं ३१: आयोजनाका घरपरिवारहरुको सूचक अनुसारका सेवा स्तर र समस्टिगत सेवास्तर अवस्था (घरपरिवार %)

| खानेपानी सेवा स्तर वर्गीकरण | घरधुरी प्रतिशत | | | | |
|---|---|---|---|---|---|
| | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनी यता सेवास्तर | समस्टिगत सेवा स्तर |
| सुन्य (०) स्तर | ५.९ | ४.६ | ४.६ | ४.६ | ५.९ |
| निम्न (१) स्तर | २५.२ | ८७.६ | ६४.१ | ७१.८ | ९३.३ |
| आधारभुत (२) स्तर | २८.४ | | २९.८ | ३.० | ०.८ |
| मध्यम (३) स्तर | १९.७ | | | ६.१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| उच्च (४) स्तर | २८.८ | ७.८ | १.५ | १४.५ | |
| **जम्मा** | १०० | १०० | १०० | १०० | १०० |

यस गाउँपालिकामा रहेका ९१ विद्यमान खानेपानी आयोजनाहरु मध्ये ८९ आयोजनाहरुका २०२१ घरधुरीहरुको समग्र सेवास्तर आधारभूत भन्दा तल रहेको देखिन्छ। यसका कारणहरु विश्लेषण गर्दा ९३ घरधुरीमा गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले, ३० घरधुरी पहुँचको कारणले, ३८ घरधुरी विश्वशनियताको कारणले, ४५२ घरधुरी ४ वटै सूचकले, २४८ घरधुरी गुणस्तर र विश्वशनीयताले, ३१६ घरधुरी गुणस्तर र पहुँचले, ३९३ घरधुरी गुणस्तर, पहुँच र विश्वशनीयताले, १३० घरधुरी गुणस्तर, परिमाण र विश्वशनियताले र ३२१ घरधुरी सूचकहरुको अन्य बहु संयोजन समेत निम्न रहेको कारणले विद्यमान आयोजनाका घरधुरीहरुको समग्र सेवा स्तर आधारभूत तह भन्दा तल रहेको देखिन्छ।

तालिका नं ३२: आयोजनाका घरपरिवारहरुको खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु

| समग्र सेवास्तर आधारभूत भन्दा तल हुनुका कारणहरु | आयोजना संख्या | घरधुरी संख्या |
|---|---|---|
| गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ११ | ९३ |
| परिमाण सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ० | ० |
| पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १ | ३० |
| विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ४ | ३८ |

| | | |
|---|---|---|
| सबै ४ वटा सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले | १२ | ४५२ |
| गुणस्तर र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १९ | २४८ |
| गुणस्तर र पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १४ | ३१६ |
| गुणस्तर, पहुँच र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ९ | ३९३ |
| गुणस्तर, परिमाण र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ७ | १३० |
| अन्य बहु सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १२ | ३२१ |
| जम्मा आधारभूत भन्दा तल रहेका आयोजना तथा घरधुरी संख्या | ८९ | २०२१ |

**स्वास्थ्य संस्थाको समग्र सेवा स्तर विश्लेषण**

यस गाउँपालिकाका विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका ७ स्वास्थ्य संस्थाहरुको सूचक अनुसारको खानेपानी सेवास्तर तालिका नं. ३३ र ३४ मा एकमुस्ट रुपमा प्रस्तुत गरिएको छ । यस गाउँपालिकाका स्वास्थ्य संस्थाहरुको खानेपानी सेवास्तर परिमाण सूचक अनुसार ४२.९%, गुणस्तर अनुसार ८५.७%, पहुँच अनुसार ५७.१% र विश्वसनीयता अनुसार ७१.४% आधारभूत भन्दा तल रहेको देखिन्छ। आयोजनाको समग्र सेवा स्तर कायम गर्दा यिनै चारवटा सूचक अनुसारका सेवास्तरहरु मध्ये सबैभन्दा न्यून सेवास्तर नै

त्यस आयोजनाको खानेपानी समग्र सेवास्तर कायम गरिएको छ। यसरि ७१.४% संस्थामा विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको र आधारभूत भन्दा माथि रहेका २८.६% स्वास्थ्य संस्थामा समेत अन्य तिन वटा सूचक मध्ये कुनै एक सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले गर्दा ८५.७% स्वास्थ्य संस्थाहरुको समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल परेको छ।

तालिका नं ३३: स्वास्थ्य संस्थाहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (स्वास्थ्य संस्था संख्या)

| खानेपानी सेवा स्तर वर्गीकरण | स्वास्थ्य संस्था संख्या | | | | |
|---|---|---|---|---|---|
| | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
| सुन्य (०) स्तर | ० | ० | ० | ० | ० |
| निम्न (१) स्तर | ३ | ६ | ४ | ५ | ६ |
| आधारभुत (२) स्तर | ३ | ० | ३ | ० | १ |
| मध्यम (३) स्तर | ० | ० | ० | १ | ० |
| उच्च (४) स्तर | १ | १ | ० | १ | ० |
| **जम्मा** | ७ | ७ | ७ | ७ | ७ |

तालिका नं ३४: स्वास्थ्य संस्थाहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (स्वास्थ्य संस्था%)

| खानेपानी सेवा | स्वास्थ्य संस्था % |
|---|---|

| स्तर वर्गीकरण | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
|---|---|---|---|---|---|
| सुन्य (०) स्तर | | | | | |
| निम्न (१) स्तर | ४२.९ | ८५.७ | ५७.१ | ७१.४ | ८५.७ |
| आधारभुत (२) स्तर | ४२.९ | | ४२.९ | | १४.३ |
| मध्यम (३) स्तर | | | | १४.३ | |
| उच्च (४) स्तर | १४.३ | १४.३ | | १४.३ | |
| **जम्मा** | १०० | १०० | १०० | १०० | १०० |

विद्यमान खानेपानी आयोजनाले सेवा पुराएका यस गाउँपालिकाका ७ स्वास्थ्य संस्थाहरु मध्ये ६ वटा स्वास्थ्य संस्थाहरुको समग्र सेवास्तर आधारभूत भन्दा तल रहेको देखिन्छ। यसका कारणहरु विश्लेषण गर्दा २ स्वास्थ्य संस्थामा चार वटै सूचक आधारभूत भन्दा तल रहेको कारणले, १ स्वास्थ्य संस्था गुणस्तर र विश्वशनीयताको कारणले, १ स्वास्थ्य संस्था गुणस्तर र पहुँचले, १ स्वास्थ्य संस्था गुणस्तर, पहुँच र विश्वशनीयताले, र १ स्वास्थ्य संस्था गुणस्तर, परिमाण र विश्वशनियता निम्न रहेको कारणले स्वास्थ्य संस्थाहरुमा खानेपानीको समग्र सेवा स्तर आधारभूत भन्दा तल रहेको देखिन्छ।

तालिका नं ३५: स्वास्थ्यसंस्थामा खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्नस्तर हुनुका कारणहरु

| समग्र सेवास्तर आधारभूत भन्दा तल हुनुका कारणहरु | स्वास्थ्य संस्था |
|---|---|

| | संख्या |
|---|---|
| सबै ४ वटा सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले | २ |
| गुणस्तर र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १ |
| गुणस्तर र पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १ |
| गुणस्तर, पहुँच र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १ |
| गुणस्तर, परिमाण र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १ |
| जम्मा आधारभूत भन्दा तल रहेका आयोजना तथा घरधुरी संख्या | ६ |

**विद्यालयको समग्र सेवा स्तर विश्लेषण**

यस गाउँपालिकाका विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका २० विद्यालयहरुको सूचक अनुसारको खानेपानी सेवास्तर तालिका नं. ३६ र ३७ मा एकमुस्ट रुपमा प्रस्तुत गरिएको छ । विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका सबै (१००%) विद्यालयहरुमा खानेपानी समग्र सेवास्तर आधारभुत भन्दा तल रहेको छ । यस गाउँ पालिकाका विद्यालयहरुको खानेपानी सेवास्तर परिमाण सूचक अनुसार २५%, गुणस्तर अनुसार १००%, पहुँच अनुसार ५०% र विश्वसनीयता अनुसार ६५% आधारभूत भन्दा तल रहेको देखिन्छ । आयोजनाको समग्र सेवास्तर कायम गर्दा यिनै चारवटा सूचक अनुसारका सेवास्तरहरु मध्ये सबैभन्दा न्यून सेवास्तर नै त्यस विद्यालयको खानेपानी समग्र सेवास्तर कायम

गरिएको छ। यसरि गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले गर्दा नै सबै विद्यालयहरुको खानेपानी समग्र सेवास्तर आधारभूत भन्दा तल परेको छ।

तालिका नं ३६: विद्यालयहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (विद्यालय संख्या)

| खानेपानी सेवा स्तर वर्गीकरण | विद्यालय संख्या | | | | |
|---|---|---|---|---|---|
| | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
| सुन्य (०) स्तर | ० | ० | ० | ० | ० |
| निम्न (१) स्तर | ५ | २० | १० | १३ | २० |
| आधारभुत (२) स्तर | १३ | ० | ७ | ३ | ० |
| मध्यम (३) स्तर | २ | ० | ० | २ | ० |
| उच्च (४) स्तर | ० | ० | ३ | २ | ० |
| **जम्मा** | २० | २० | २० | २० | २० |

तालिका नं ३७: विद्यालयहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (विद्यालय%)

| खानेपानी सेवा स्तर वर्गीकरण | विद्यालय % | | | | |
|---|---|---|---|---|---|
| | परिमाण सेवास्तर | गुणस्तर सेवास्तर | पहुँच सेवास्तर | विश्वसनीयता सेवास्तर | समस्टिगत सेवा स्तर |
| सुन्य (०) स्तर | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| निम्न (१) स्तर | २५ | १०० | ५० | ६५ | १०० |
| आधारभुत (२) स्तर | ६५ | | ३५ | १५ | |
| मध्यम (३) स्तर | १० | | | १० | |
| उच्च (४) स्तर | | | १५ | १० | |
| **जम्मा** | १०० | १०० | १०० | १०० | १०० |

यस गाउँपालिकामा विद्यमान खानेपानी आयोजनाले सेवा पुराएका २० विद्यालयहरु सबैको खानेपानी सेवा स्तर आधारभूत भन्दा तल रहनुको कारणहरु विश्लेषण गर्दा २ विद्यालयमा गुणस्तर आधारभूत भन्दा तल रहेको कारणले, ४ विद्यालयमा चार वटै सूचक सेवास्तर आधारभूत भन्दा तल रहेकोले, ७ विद्यालयमा गुणस्तर र विश्वशनीयताले, ५ विद्यालयमा गुणस्तर र पहुँचले, १ विद्यालयमा गुणस्तर, पहुँच र विश्वशनीयताले, र १ विद्यालयमा गुणस्तर, परिमाण र विश्वशनियता निम्न रहेको कारणले विद्यमान आयोजनाले सेवा पुराएका सबै विद्यालयहरुको खानेपानी समग्र सेवास्तर आधारभूत तह भन्दा तल रहेको देखिन्छ।

तालिका नं ३८: विद्यालयहरुको खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु

| समग्र सेवास्तर आधारभूत भन्दा तल हुनुका कारणहरु | विद्यालय संख्या |
|---|---|
| गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | २ |
| सबै ४ वटा सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको | ४ |

| | |
|---|---|
| कारणले | |
| गुणस्तर र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ७ |
| गुणस्तर र पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | ५ |
| गुणस्तर, पहुँच र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १ |
| गुणस्तर, परिमाण र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र | १ |
| जम्मा आधारभूत भन्दा तल रहेका आयोजना तथा घरधुरी संख्या | २० |

### ३.३.७ अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था

डु ङ्गे श्वर गाउँपालिकामा एस एन भी नेपालले वि.सं. २०७६ मा गरेको अपांगता भएका घरधुरीहरुमा खानेपानी तथा सरसफाईको अवस्था सर्भेक्षणको तथ्यांक अनुसार यस गाउँपालिकामा जम्मा १४५ जना अपांगता भएका व्यक्तिहरु रहेका छन् जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ३९: एसएनभी नेपालको सर्भेक्षण अनुसार डु ङ्गे श्वर गाउँपालिकामा अपांगता भएका व्यक्तिहरुको विवरण

| वडा नं. | सर्भेक्षण गरिएको जम्मा अपांगता | अपांगताको प्रकार अनुसार अपांगता भएका व्यक्तिहरु (जना) | | | | |
|---|---|---|---|---|---|---|
| | | शारीरिक अपांगता भएका | सुस्त श्रवण वा दृष्टि बिहिन | बोल्न नसक्ने अपांगता | बौद्धिक अपांगता भएका | बहु अपांगता भएका |

| | भएका व्यक्तिहरु | | अपांगता भएका | भएका | | |
|---|---|---|---|---|---|---|
| १ | ३० | १७ | ८ | ३ | १ | १ |
| २ | १९ | ६ | ७ | ० | ० | ६ |
| ३ | २५ | २२ | २ | ० | ० | १ |
| ४ | २१ | १६ | ३ | ० | ० | २ |
| ५ | २८ | १४ | ३ | ० | ० | ११ |
| ६ | २२ | ११ | ४ | ६ | ० | १ |
| जम्मा | १४५ | ८६ | २७ | ९ | १ | २२ |

यस सर्भेक्षण अनुसार यस गाउँपालिकामा अपांगता भएका व्यक्तिको घरआगनमा खानेपानीको धारा भएका ३८ जना, सामुदायिक धारामा पहुँच हुनेहरू ७५ जना र नजिकमा कुनै पनि खानेपानीको धारा नहुनेहरु ३२ जना रहेका छन्। अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँचको अवस्थाको वडागत विवरण निम्न अनुसार रहेको छ।

तालिका नं ४०: अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था विवरण

| वडा नं. | अपांगता भएका व्यक्ति | अपांगता भएका व्यक्तिको खानेपानीको पहुँच अवस्था | | |
|---|---|---|---|---|
| | | घरको आँगनमा निजि धारा भएका | सामुदायिक धारा भएका | नजिकमा धारा नभएका |
| १ | ३० | ३ | १६ | ११ |
| २ | १९ | ९ | ६ | ४ |
| ३ | २५ | ९ | १५ | १ |
| ४ | २१ | ५ | १५ | १ |
| ५ | २८ | १ | १६ | ११ |
| ६ | २२ | ११ | ७ | ४ |
| जम्मा | १४५ | ३८ | ७५ | ३२ |

यस सर्भेक्षण अनुसार यस गाउँपालिकामा जम्मा १४५ जना अपांगता भएका व्यक्तिहरु मध्ये ४६ जना महिला रहेका छन् जस मध्ये ३६ जना १० देखि ५० बर्ष उमेरका महिनावारी हुने उमेरका महिलाहरु रहेका छन् जसको लागि पानीको सहज पहुँच हुनु अझ बढी आबश्यक हुन्छ (तालिका नं. ४१ र ४२)।

तालिका नं ४१: लिङ्ग अनुसार अपांगता भएका व्यक्तिहरुको विवरण

| वडा नं. | अपांगता भएका व्यक्तिहरु | | | |
|---|---|---|---|---|
| | महिला | पुरुष | यौनिक अल्पसंख्यक | जम्मा |
| १ | १२ | १८ | ० | ३० |
| २ | ६ | १३ | ० | १९ |
| ३ | ८ | १७ | ० | २५ |
| ४ | ७ | १४ | ० | २१ |
| ५ | ७ | २१ | ० | २८ |
| ६ | ६ | १६ | ० | २२ |
| जम्मा | **४६** | **९९** | **०** | **१४५** |

तालिका नं ४२: १० देखि ५० वर्ष उमेरका अपांगता भएका महिलाहरुको विवरण

| **वडा नं.** | **१० देखि ५० वर्ष उमेरका अपांगता भएका महिलाहरु** |
|---|---|
| १ | ७ |
| २ | ६ |
| ३ | ७ |
| ४ | ७ |
| ५ | ४ |
| ६ | ५ |
| **जम्मा** | ३६ |

साथै अपांगता भएकाहरुको लागि सामुदायिक वा निजि खानेपानीका धारा सम्म पुग्नको लागि रयाम्प, रेलिंग र धारमा हातले समाउने पाइपफिटिंगहरु निर्माण गरेको यस गाउँपालिकामा देखिएको छैन जसले गर्दा अपांगता भएकाहरुको खानेपानीमा सहज पहुँच अझ कम्जोर रहेको देखिन्छ। यसरि यस गाउँपालिकामा अपांगता भएकाहरुको आबस्यकता अनुसारका संरचना बन्ने नगरेकाले रजस्वला हुने उमेरका अपाङ्गता भएका महिलाहरुको लागि पानीको धारा सम्मको सहज पहुँच नहुँदा अझ कठिन अवस्था रहेको देखिन्छ।

## ३.४ निर्माणाधीन खानेपानी आयोजनाहरु

यस गाउँ पालिकामा ११ वटा खानेपानी आयोजनाहरु हालै सम्पन्न भएका छन्। यी आयोजनाहरु यस तथ्यांक संकलन गरेको समयमा निर्माणाधीन अबस्थामा रहेका थियो। यी आयोजनाहरुले वडा नं. २-६ का ३९१ घरपरिवार र ३ विद्यालयहरुमा खानेपानी सेवा उपलब्ध गराएको छ। यी आयोजनाहरु प्रदेश सरकार, हेल्भेटास, आशा प्रोजेक्ट र गाउँ पालिकाको सहयोगमा नयाँ निर्माण भएको हो। यी नयाँ खानेपानी आयोजनाहरु निजि धारा (एक घर एक धारा) वितरण गर्ने प्रणाली अनुसार निर्माण भएका छन्। (तालिका ४३)

तालिका नं ४३: हालै सम्पन्न भएका खानेपानी आयोजनाहरुको विवरण

| वडा नं. | आयोजना संख्या | घर परिवार संख्या | स्वास्थ्य संस्था संख्या | विद्यालय संख्या |
|---|---|---|---|---|
| १ | | | | |
| २ | ३ | १३४ | | १ |
| ३ | ३ | ८२ | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | १ | २४ | | १ |
| ५ | ३ | ११० | | १ |
| ६ | १ | ४१ | | |
| जम्मा | ११ | ३९१ | ० | ३ |

यस गाउँपालिकामा ७ वटा आयोजनाहरु हाल निर्माण चरणमा रहेका छन् र सबै आयोजनाहरु यस आर्थिक बर्षमा सप्पन्न हुनेछ। यी निर्माणाधीन आयोजनाहरुले १०५४ घरपरिवार, ३ स्वास्थ्य संस्था र ७ विद्यालयहरुलाई खानेपानी सेवा उपलब्ध गराउने छ। यी आयोजनाहरु प्रदेश सरकार, हेल्भेटास र गाउँ पालिकाको सहयोगमा निर्माण भएको हो। यी खानेपानी आयोजनाहरु निजि धारा (एक घर एक धारा) वितरण गर्ने प्रणाली अनुसार निर्माण भएका छन्।(तालिका ४४)

तालिका नं ४४: हाल निर्माणाधिन रहेका खानेपानी आयोजनाहरुको विवरण

| वडा नं. | आयोजना संख्या | घर परिवार संख्या | स्वास्थ्य संस्था संख्या | विद्यालय संख्या |
|---|---|---|---|---|
| १ | २ | ६०० | १ | २ |
| २ | | | | |
| ३ | २ | ८८ | १ | २ |
| ४ | १ | ३५ | | १ |
| ५ | १ | ३०० | १ | १ |
| ६ | १ | ३१ | | १ |
| जम्मा | ७ | १०५४ | ३ | ७ |

## ३.५ खानेपानी आयोजना नपुगेका बस्तिहरु

यस रणनीति तर्जुमाको लागि गरेको सर्भेक्षण अनुसार यस गाउँपालिकाको ५३ वटा बस्तीका ७३३ घरपरिवार, १ स्वास्थ्य संस्था र १० बिद्यालयहरुमा पाइपलाइन खानेपानी आयोजना पुग्न सकेको छैन। गाउँपालिकाका सबै वडाहरुमा यस्ता बस्तीहरु रहेका छन। वडा अनुसार पाइपलाइन खानेपानी आयोजना नपुगेका वस्तिहरुको विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं ४५: हाल खानेपानी आयोजना नभएका बस्तिहरुको विवरण

| वडा नं. | वस्ती संख्या | घरधुरी संख्या | स्वास्थ्य संस्था संख्या | विद्यालय संख्या |
|---|---|---|---|---|
| १ | 1 | 18 | | |
| २ | 4 | 75 | | 1 |
| ३ | 8 | 110 | | 1 |
| ४ | 10 | 201 | | 2 |
| ५ | 13 | 157 | | 3 |
| ६ | 17 | 172 | 1 | 3 |
| **जम्मा** | 53 | 733 | 1 | 10 |

खानेपानी आयोजना हाल सम्म पुग्न नसकेका यी बस्तिहरुमा बाहुन ५.६%, क्षेत्रि ५५.४%, जनजाती २१.७%, दलित १७.३% घर परिवार रहेका छन् (तालिका ४६)।

तालिका नं ४६: खानेपानी आयोजना नपुगेका बस्तिहरुमा जातजाति अनुसार घर परिवार संख्या

| जातजाति | बाहुन | क्षेत्रि | जनजाती | दलित | अल्पसंख्यक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घरपरिवार संख्या | ४१ | ४०६ | १५९ | १२७ | ० | ० | ७३३ |
| घरपरिवार % | ५.६ | ५५.४ | २१.७ | १७.३ | – | – | |

## ३.६ खानेपानी आयोजनाको निर्माण अवस्था अनुसारको घरपरिवार संख्या विश्लेषण

खानेपानी रणनिती तर्जुमाको लागि गरिएको खानीपानी सेवास्तर सर्भेक्षणमा डु ङ्गे श्वर गाउँपालिकामा ९१ वटा विद्यमान खानेपानी आयोजनाको तथ्यांक संकलन गरेको छ जस मध्ये ८१ वटा पाइपलाइन आयोजना र ४ वटा मुहान सुधार आयोजना संचालनमा रहेका छन् भने ६ वटा पाइपलाइन आयोजनाको हाल संचालन बन्द रहेको अवस्था छ।

खानेपानी सेवास्तर तथ्यांक सर्भेक्षण पछि ११ वटा आयोजनाहरु हालै सम्पन्न भएका छन् भने ७ वटा आयोजनाहरु हाल निर्माणाधीन अवस्थामा रहेका छन् जुन २०७८ सालमा सम्पन्न हुने आयोजनाहरु रहेका छन्। साथै गाउँपालिकामा रहेका ४ वटा विद्यमान खानेपानी आयोजनाहरु सेवास्तर तथ्यांकमा छुटेका छन् जुन तथ्यांक अद्यावधिक गर्दा समावेश गरिनेछ। यसरि गाउँपालिकामा विद्यमान, हालै सम्पन्न र निर्माणाधीन आयोजनाहरु सबै गरेर जम्मा ११३ वटा रहेका छन्।

साथै गाउँ पालिकाका ५३ वटा वस्तीहरुमा हाल खानेपानी आयोजना पुग्न सकेको छैन। यसरि सबै चरणका खानेपानी आयोजनाहरु र आयोजना नपुगेका वस्तीहरुको घरसंख्याको जोड ४४६८ हुन आउने भए तापनि निर्माणाधीन र हालै सम्पन्न भएका पाइपलाइन खानेपानी आयोजनाहरुले अनुमानित ५०% घरधुरी

विद्यमान आयोजनाहरुको समेटेको हुदा गाउँपालिकाको वास्तविक घरसंख्या ३७४६ रहेको अनुमान गरिएको छ (तालिका ४७)।

तालिका नं ४७: डु ङ्गे श्वर गाउँपालिकामा खानेपानी आयोजना पुगेका र आयोजना पुग्न नसकेका बस्तिहरुमा घर संख्या, स्वास्थ्य संस्था संख्या र विद्यालय संख्या

| आयोजनाको प्रकार | संख्या | घर संख्या | स्वास्थ्य संस्था | बिद्यालय |
|---|---|---|---|---|
| विद्यमान संचालनमा रहेका पाइपलाइन आयोजना | ८१ | १८८७ | ७ | २० |
| विद्यमान मुहान सुधार आयोजना | ४ | ५७ | ० | ० |
| संचालन बन्द रहेका पाइपलाइन आयोजना | ६ | ९४ | ० | ० |
| हालै सम्पन्न पाइपलाइन आयोजना | ११ | ३९१ | ० | ३ |
| निर्माणाधीन पाइपलाइन आयोजना | ७ | १०५४ | ३ | ७ |
| खानेपानी सेवा स्तर तथ्यांक संकलन नभएका विद्यमान आयोजना | ४ | २५२ | ० | ० |
| खानेपानी आयोजना नपुगेका बस्ति | ५३ | ७३३ | १ | १० |
| जम्मा | १६६ | ४४६८ | ११ | ४० |
| जम्मा वास्तविक घरधुरी संख्या * | १५८ | ३७४६ | ८ | ३२ |

* निर्माणाधीन र हालै सम्पन्न पाइपलाइन खानेपानी आयोजनाहरुले अनुमानित ५०% घरधुरी विद्यमान आयोजनाहरुको समेटेको हुदा गाउँपालिकाको वास्तविक घरसंख्या ३७४६ रहेको अनुमान गरिएको छ।

# ४ परिच्छेद ४: खानेपानी लक्ष्य, रणनीति तथा प्राथमिकता

डु ङ्गे श्वर गाउँपालिकाले सन् २०३० (वि.सं. २०८७) सम्ममा नेपाल सरकारको खानेपानी क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका मुख्य तीन वटा लक्ष्य तथा कोसेढुंगाहरु निर्धारण गरि उक्त लक्ष्यहरु हासिल गर्नको लागि देहाय बमिजिमका रणनीति र प्राथमिकताहरु निर्धारण गरेको छ।

**पहिलो कोसेढुंगा : ५ वर्ष, सन् २०२०-२०२५**

**लक्ष्य १ : सबैलाई आधारभूत स्तरको खानेपानी सुबिधा सन् २०२५ सम्ममा पुराउने।**

**रणनीतिः** यस लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ।

प्राथमिकता नं. १: आधारभूत सुबिधा स्तर: देहायका आयोजनाहरुमा साना निर्माण सुधार कार्य गरि संचालन ब्यबस्थापन मोडेल लागु गरेर आधारभूत स्तरमा पुराउने रणनीति लिईनेछ।

- खानेपानी बिस्वसनियता सेवास्तर कम्जोर भएका आयोजनाहरुमा खानेपानीको ब्यबस्थापन, संचालन तथा सम्भारमा प्रमाणिक संचालन बिधि लागु गरि आयोजनाको विश्वसनीय सेवा स्तरमा सुधार गरि आधारभूत स्तरमा पुराउने।
- गुणस्तर सेवा स्तर कम्जोर भएका मूल मुहान प्रयोग गरेका आयोजनाहरुमा साना निर्माण सुधार र पानी सुरक्षा योजना मार्फत

आयोजनाको गुणस्तर सेवास्तर वृद्धि गरि आधारभूत स्तरमा पुराउने ।

प्राथमिकता नं. २: मध्यम सुबिधा स्तर: निम्न अवस्थाका आयोजनाहरुको सेवा स्तर उन्नति निर्माण कार्य तथा संचालन ब्यबस्थापन मोडेल लागु गरि मध्यम स्तरमा पुराउने रणनीति लिईनेछ।

- आयोजनाको नयाँ निर्माण गर्दा वा पुनर्निर्माण गर्दा मध्यम स्तरको निर्माण गर्ने रणनीति लिईनेछ।
    - हाल खानेपानी सेवा पुग्न नसकेका बस्तिमा विद्यमान प्रणालीबाट सेवा पुराउने।यसरि विद्यमान प्रणालीबाट सेवा पुराउन नसकेमा नयाँ पाइपलाइन निर्माण गर्ने।
    - पाइपलाइन खानेपानी प्रणाली नभएका बस्तीमा नयाँ पाइपलाइन प्रणाली निर्माण गर्ने।
    - विद्यमान् सामुदायिक धारा प्रणालिका आयोजनाहरुको धेरै जसो धाराहरुमा पहुँच र परिमाण सेवा स्तर आधारभूत भन्दा तल रहेको आधारमा पुनर्निर्माण गरि निजि धारा जडान प्रणालीमा सुधारोंनती गर्ने।
- परिमाण सेवा स्तर मध्यम रहेका खानेपानी आयोजनाहरुको निजि धारा प्रणालीमा स्तर उन्नति निर्माण कार्य गरि तथा संचालन ब्यबस्थापन मोडेल लागु गरि मध्यम स्तरको सेवा पुराउने रणनीति लिईनेछ।
- हालै सम्पन्न भएका र हाल निर्माणाधीन रहेका निजि धारा प्रणालीका खानेपानी आयोजनहरुमा संचालन ब्यबस्थापन मोडेल लागु गरि मध्यम सेवा स्तरमा पुराउने रणनीति लिइनेछ।

प्राथमिकता नं. ३ः उच्च सुबिधा स्तरः निम्न अवस्थाका आयोजनाहरुको सेवा स्तर उन्नति निर्माण कार्य तथा संचालन ब्यबस्थापन मोडेल लागु गरि उच्च स्तरमा पुराउने रणनीति लिईनेछ।

- पानीको परिमाण सेवा स्तर उच्च रहेका खानेपानी आयोजनाहरुको सुधार निर्माण कार्य तथा संचालन ब्यबस्थापन मोडेल लागु गरि उच्च स्तरमा पुराउने रणनीति लिइनेछ।

प्राथमिकता नं. ४ः उच्च स्तरको खानेपानी सुबिधा निर्माणको लागि तयारी गर्ने : घना बस्ति भएको बजार क्षेत्रमा उच्च स्तर को खानेपानी आयोजनाको लागि पानीको श्रोतको नाप तथा गुणस्तर मापन गर्ने, कम्तिमा एक वर्ष भरि प्रत्येक महिना पानीको परिमाण र गुणस्तर अनुगमन तथा मापन गर्ने र आयोजनाको डीपीआर तयार गर्ने ।

**दोश्रो कोसेढुंगा : ३ वर्ष, सन् २०२६–२०२८**

**लक्ष्य २ः सबैलाई मध्यम स्तरको खानेपानी सुबिधा सन् २०२८ सम्ममा पुराउने।**

**रणनीतिः** यस लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ।

प्राथमिकता नं. १ः आधारभूत, मध्यम एवं उच्च स्तरका सेवा आयोजनाहरुको राम्रो संचालन ब्यबस्थापन गर्न संचालन ब्यबस्थापन मोडेल प्रभाबकारी रुपमा लागु गर्ने र अनुगमन गर्ने रणनीति लिइनेछ।

प्राथमिकता नं. २ः आधारभूत स्तरका खानेपानी आयोजनाहरुलाई मध्यम स्तरमा स्तर उन्नति गर्ने निर्माण कार्य गर्ने रणनीति लिइनेछ।

प्राथमिकता नं. ३: बस्ति भन्दा बाहिर अबस्थित घरपरिवारको खानेपानी सुबिधा स्तर मध्यम पुराउने रणनीति लिइनेछ।

प्राथमिकता नं. ४: घना बस्ति भएका बजार क्षेत्रमा उच्च स्तरको नयाँ खानेपानी आयोजना निर्माण गर्ने रणनीति लिइनेछ।

प्राथमिकता नं. ५: अन्य बाँकि आयोजनाहरुलाई उच्च स्तरको सेवामा पुराउन पानीको श्रोतको वर्षभरि अनुगमन गरि आयोजनाहरुको डीजाइन इस्टिमेट तयार गर्ने रणनीति लिइनेछ।

**तेश्रो कोसेढुंगा : २ वर्ष, सन् २०२९ – २०३०**

**लक्ष्य ३: सबैलाई उच्च स्तरको खानेपानी सुबिधा सन् २०३० सम्ममा पुराउने।**

**रणनीतिः** यस लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ।

प्राथमिकता नं. १: सबै मध्यम एवं उच्च स्तरका सेवा आयोजनाहरुको राम्रो संचालन ब्यबस्थापन गर्न संचालन ब्यबस्थापन मोडेल प्रभाबकारी रुपमा लागु गर्ने र अनुगमन गर्ने रणनीति लिइनेछ।

प्राथमिता नं. २: सबै मध्यम सेवा स्तरका आयोजनाहरुमा उच्च स्तरको खानेपानी सेवा निर्माण सम्पन्न गर्ने रणनीति लिइनेछ।

# ५ परिच्छेद ५: कार्यन्वयन रणनीति

यस खानेपानी रणनीति कार्यन्वयन गर्दा देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिने छ।

**खानेपानी सेवास्तर उन्नति रणनीति:**

- घरधुरी, स्वास्थ्य संस्था र विद्यालयको लागि आधारभूत, मध्यम र उच्च स्तरको खानेपानी सेवा वृद्धि गर्नको लागि साना निर्माण देखि प्रशोधन केन्द्र सहितको ठुला नयाँ खानेपानी आयोजना निर्माण तथा पुनर्निर्माण गरिनेछ।
- साथै खानेपानीको आधारभूत, मध्यम र उच्च सेवास्तर वृद्धि तथा उक्त सेवास्तर निरन्तर कायम गर्नको लागि खानेपानी संचालन ब्यबस्थापन मोडेल लागु गरिनेछ।
- गाउँ पालिकामा खानेपानी परिक्षण प्रयोगशाला स्थापना गरि आयोजनाहरुमा खानेपानीको गुणस्तर अनुगमन नियमित रुपमा गरिनेछ।
- स्वास्थ्य संस्था र विद्यालयहरुमा खानेपानीको पानी संकलन टंकी निर्माण र आन्तरिक प्लम्बिंग तथा आबस्यक स्थानहरुमा आबस्यक संख्यमा धाराहरु निर्माण गरि खानेपानी सेवा स्तर वृद्धि गरिनेछ।
- सार्बजनिक स्थानहरुमा चौबिसै घण्टा खानेपानीको सुबिधा हुनेगरी खानेपानीको धारा निर्माण गरिनेछ।
- "सबैको लागि खानेपानी नीति" लिइनेछ। अर्थात् खानेपानी सेवा स्तर वृद्धि गर्दा कोहि पनि छुट्ने छैन।

- खानेपानीको सेवास्तर वृद्धि गर्दा समाबेशी, लैंगिक समानता, अपांगता भएका व्यक्तिहरुको आबस्यकता र जलवायु परिवर्तन लचकतालाई खानेपानीको सेवास्तर वृद्धि कार्यक्रममा एकीकृत गरिनेछ।
- खानेपानी सेवा स्तर वृद्धि क्रियाकलाप कार्यान्वयन गर्दा सम्भावित जोखिममा रहेका ब्यक्तिहरुको अबस्यकतालाई सम्बोधन गरिनेछ।

**खानेपानी संचालन तथा ब्यबस्थापन रणनीतिः**

- खानेपानी संचालन ब्यबस्थापनको लागि सेवा प्रदायकको क्षमता र अन्य उपलब्ध श्रोतको आधारमा खानेपानी संचालन ब्यबस्थापन मोडेल लागु गरिनेछ। खानेपानी संचालन ब्यबस्थापन मोडेल अन्तर्गत खानेपानी संचालनका प्रामाणिक संचालन विधिहरुको प्रयोग गरि आयोजनाहरुको संचालन, मर्मत सम्भार तथा ब्यबस्थापन गरिनेछ जस अन्तर्गत जीवन चक्र खर्चको आधारमा खानेपानी महशुल निर्धारण, जलवायु परिवर्तन लचकता सहितको पानी सुरक्षा योजना, पानीको गुणस्तर अनुगमन, निरोधात्मक सम्भार, गुनासो ब्यबस्थापन, चुहावट नियन्त्रण, लेखा ब्यबस्थापन, स्वमुल्यांकन, आदि समावेश रहनेछ।

**समाबेसी खानेपानी रणनीतिः**

- निर्धारित लक्ष्य हासिल गर्नको लागि क्रियाकलाप कार्यान्वयन गर्दा सम्भावित जोखिममा रहेका ब्यक्तिहरुको अबस्यकतालाई सम्बोधन गरिने छ। यसरि कार्य गर्दा त्यस्ता व्यक्ति र वर्गलाई "कुनै नोक्सान नगर" भन्ने सिद्धान्तलाई पालना गरिने छ।
- महशुल निर्धारण गर्दा महशुल तिर्न नसक्ने अति बिपन्न घरहरुको पहिचान गरि उक्त घरहरुको लागि एक बर्ष सहुलियत दरमा महशुल लिने नीति

लिइनेछ। साथै एक बर्षमा उक्त घरपरिवारको आय वृद्धि गरि महशुल तिर्न सक्ने बनाउनको लागि आय आर्जन मुलक क्रियाकलाप गर्न खानेपानी सेवा प्रदायक संस्थाले उक्त घरपरिवारलाई सहयोग गर्नेछ।

- खानेपानीको सेवा स्तर वृद्धि गर्दा कोहि पनि नछुट्ने गरि महिला, पुरुष, बालबालिका, अल्पसंख्यक, पिछडिएका र जोखिममा रहेका जातजाति सबैको लागि सेवा उपलब्ध हुने गरि कार्यक्रम लागु गरिनेछ। आयोजनामा सहभागी गराउनको लागि आयोजना निर्माण र सेवा शुल्कमा यस्ता सिमान्तकृत वर्गहरुलाई बिशेष क्षमता अनुसारको सहभगिता वा सरकार वा समुदायले विशेष सहुलियत दिने नीति लिईनेछ।
- लैंगिक समानता तथा सामाजिक समाबेशीकरण, जलबायु अनुकुलन तथा विपद ब्यबस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरुलाई यस खानेपानी रणनीति कार्यन्वयन गर्दा अनिवार्य रुपमा अबलम्बन गरिनेछ।
- आयोजनामा खानेपानी रणनीति कार्यन्वयन एवं खानेपानी संचालन ब्यबस्थापनका प्रत्येक तहका निर्णय प्रक्रियामा महिला, दलित, अल्पसख्यक, अपांगता भएका व्यक्ति, आदिको सहभागिता सुनिस्चित गरिनेछ।

**अपांगता भएका व्यक्तिहरुको लागि खानेपानी रणनीतिः**

- खानेपानीमा पहुँचको लागि अरुको सहयोग आबस्यक पर्ने अपांगता भएका व्यक्तिहरुको लागि अरुको सहयोग आबस्यक पर्ने स्तरीकरणको आधारमा प्राथमिकीकरण गरि पहुँच पुराउने रणनीति लिइनेछ।
- अपांगता भएका घरपरिवारलाइ खान र व्यक्तिगत स्वच्छता ब्यबहारको लागि पानीमा प्रत्येक सदस्यको बराबर पहुँच हुनु पर्ने कुराको महत्व बारे

राम्रो संग बुझाइ सबै सदस्यहरुलाई पानीको बराबर पहुँच पुराउनको लागि यस्ता परिवारहरुलाइ सहयोग पुराउने रणनीति लिइनेछ।

- खानेपानी र व्यक्तिगत स्वच्छतामा पानीको पहुँचको लागि अर्को व्यक्तिको धेरै सहयोग आबस्यक पर्ने खालका अपांगता भएका व्यक्तिहरुको हेरचाह गर्ने व्यक्तिको लागि बिशेष सहयोग पुराउने रणनीति लिइनेछ।
- वास योजना तर्जुमा गर्दा, खानेपानी आयोजनाको डीपीआर बनाउँदा, क्षमता अभिवृद्धि कार्यक्रम बनाउँदा र कार्यान्वयन गर्दा अपांगता भएका ब्यक्तिहरुको स्थानीय संस्थासंगको सहभागितामा गरिने छ।
- अपांगता भएका व्यक्तिहरुको खान र स्वच्छता ब्यबहारमा पानीको पहुँच सुनिस्चित गर्नको लागि सरसफाई तथा स्वच्छता ब्यबहार परिवर्तनका कार्यक्रमहरु स्थानीय सरकारको पहलमा अपांगता भएका ब्यक्तिहरुको संस्था र स्थानीय सरकारको सहभागितामा गरिने छ।
- सामाजिक ब्यबहार परिवर्तन संचारलाई समाबेशी गराउनको लागि सचेतना र अन्य दृष्टिकोण परिवर्तन गर्ने रणनीतिहरूलाई प्राथमिकताका साथ लागु गरिनेछ।
- अपांगता भएका व्यक्तिहरुको सरकारी प्रशासनिक सम्बन्धि कार्य र अन्य सहयोगको लागि सामाजिक संस्था र अन्य सहयोगी सेवाहरुको समेत सहयोग लिने रणनीति लिइनेछ।
- अपांगता भएका व्यक्तिहरु जो सबै भन्दा सिमान्तकृत हुन्छन उनीहरुको अनुभब र सहभागिता सुनिस्चित गर्न उनीहरुलाई अनुगमन प्रकियामा समाबेश गर्ने रणनीति लिइनेछ। अनुगमनमा अपांगता भएका महिला र पुरुष दुबैको सहभागिता सुनिस्चित गर्ने रणनीति लिइनेछ।

**खानेपानी संचालन ब्यबस्थापन संरचना तथा नीति निर्माण रणनीति**

- रणनीति कार्यान्वयन गर्दा मापदण्ड बनाई लागु गरिनेछ एवं नियमन गरिनेछ। यसका लागि गाउँपालिकाले आबश्यक मापदण्ड, कार्यविधि, ऐन तथा निर्देशिका तयार गरि लागु गर्नेछ।
- साथै यस रणनीति कार्यन्वयन तथा खानेपानी संचलन ब्यबस्थापन मोडेल कार्यन्वयन गर्नको लागि गाउँपालिकाले गाउँपालिका र वडा स्तरमा आबस्यक संस्थागत संरचना विस्तार तथा क्षमता विकास गर्नेछ। यस रणनीति अनुसारका संस्थागत संरचनाहरु विस्तार गरि जिम्मेवारी दिनेछ।
- गाउँपालिकाले यस रणनीति कार्यन्वयनको लागि आवश्यक वार्षिक बजेट छुट्टाउने छ। साथै प्रदेश सरकार, संघिय सरकार र विकास साझेदारहरुसंग यस रणनीति कार्यन्वयन गर्न सहकार्यको लागि पहल गर्नेछ।

# ६ परिच्छेद ६: संस्थागत संरचना तथा विस्तार

गाउँपालिकाले यस रणनीति कार्यान्वयन गर्नका लागि गाउँपालिका र वडाको निर्णय गर्ने र अनुगमन तथा समिक्षा गर्ने संरचनाहरुमा सुधार तथा समितिहरुलाई थप सक्रिय बनाइ देहाय बमोजिमका कार्यहरु गर्नेछ।

- गाउँ कार्यपालिकाले यस खानेपानी रणनीति कार्यन्वयनको लागि संस्थागत संरचनाहरुको विस्तार गर्ने तथा खानेपानी समन्वय समितिहरुलाई थप सक्रिय बनाउने कार्य गर्नेछ। यसरि गाउँ कार्यपालिकाले यस खानेपानी रणनीति कार्यन्वयनको लागि यस रणनीतिले परिकल्पना गरेको संस्थागत संरचनाहरुको विस्तार गरि सबैको जिम्मेवारी दिने कार्य गर्नेछ।

- गाउँ कार्यपालिकाले गाउँपालिका स्तरमा यस खानेपानी रणनीति कार्यन्वयनको अनुगमन, समिक्षा र निर्णय गर्नेछ।
- गाउँ कार्यपालिकाले कार्यपालिका अन्तर्गतका समिति र उपसमितिहरुलाई यस खानेपानी रणनीति कार्यन्वयनका विभिन्न बिषयहरु: खानेपानी पूर्वाधार, समाबेशी, सुशासन, विपद ब्यबस्थापन, आदिमा अनुगमन गरि सुझाबको लागि जिम्मेवारी दिनेछ।
- गाउँ पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले खानेपानी रणनीति तथा रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन गरि सुझाब दिनेछ। जस अन्तर्गत खानेपानी संचालन ब्यबस्थापनको अवस्था,  खानेपानीको गुणस्तर परिक्षण, खानेपानी सेवा स्तर उन्नति, समावेशी रणनीति कार्यान्वयनको अवस्था, अपांगता भएका व्यक्तिहरुको सहभागिता र खानेपानीमा पहुँच आदिको स्थलगत अनुगमन तथा तथ्यांक विश्लेषण गरि सुझाब दिनेछ। यस समितिले मासिक रुपमा अनुगमन गरि निर्देशन/सुझाब दिनेछ।
- वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले यस खानेपानी रणनीति तथा रणनीतिक कार्ययोजना कार्यन्वयनको अवस्था प्रत्येक महिनामा अनुगमन गरि सुझाब दिनेछ।
- टोल सरसफाई समितिलाई सक्रिय बनाई यस खानेपानी रणनीति तथा रणनीतिक कार्ययोजना कार्यन्वयन गर्दा समाबेशी र कोहि पनि नछुट्ने परिकल्पना गरे अनुसारको भएको अनुगमन गरि समाबेशी सुनिस्चित गर्न सुझाब दिनेछ।
- पालिका र वडा स्तरका समिति र उपसमितिहरुको संरचनाहरुलाई थप समाबेशी बनाइने छ।

गाउँपालिकाले यस रणनीति कार्यन्वयन गर्नको लागि गाउँपालिका र वडा कार्यालयको प्राबिधिक कार्य गर्ने संरचनाहरुको विस्तार गरि देहाय बमोजिमका प्राबिधिक कार्यहरु गर्नेछ।

- गाउँपालिकामा खानेपानीको प्राबिधिक कार्य गर्नको लागि हाल रहेको खानेपानी इकाईलाई विस्तार गरि पानी परिक्षण प्रयोगशाला सहितको खानेपानी शाखामा क्षमता विस्तार गरिने छ।
- गाउँपालिका स्तरीय खानेपानी शाखाले खानेपानी रणनिती कार्यन्वयन गर्न प्राबिधिक कार्य एवं खानेपानीको गुणस्तर परिक्षण कार्य गर्नेछ।
- साथै वडा कार्यालयहरुमा समेत खानेपानी इकाई स्थापना गरिनेछ। यस इकाईको क्षमता विकास गरि खानेपानी संचालन ब्यबस्थापन तथा पानी सुरक्षा योजना कार्यन्वयन गर्न प्राबिधिक कार्य गर्नेछ।
- गाउँपालिका स्तरमा पानी परिक्षण प्रयोगशाला स्थापना गरि क्षमता विकास गरिनेछ। यस प्रयोगशालाले नियमित पानी परिक्षण तथा खानेपानीको गुणस्तर सर्भेक्षण गरि विश्लेषण प्रस्तुत गरि सुझाब गर्नेछ।

गाउँपालिकाले यस रणनीति कार्यान्वयन गर्नको लागि खानेपानी संचालन, मर्मत सम्भार तथा ब्यबस्थापन तथा सेवा स्तर उन्नति अवस्था सम्बन्धि तथ्यांक अध्यावधिक तथा विश्लेषण गर्ने संरचनाहरुको स्थापना तथा क्षमता विस्तार गरि देहाय बमोजिमका कार्यहरु गर्नेछ।

- खानेपानी संचालन ब्यबस्थापन तथा खानेपानी सेवा स्तर वितरणको अवस्थाको तथ्यांक मासिक रुपमा अध्यावधिक गरि बिस्लेशण गर्न खानेपानीको तथ्यांक गाउँ पालिका स्तरमा स्थापना गरिने छ। यो खानेपानी तथ्यांक इकाई गाउँपालिका स्तरीय खानेपानी शाखामा राखिने छ। खानेपानीको संचालन ब्यबस्थापन तथा सेवा स्तर बिस्लेशण गर्नको

लागि क्षमता अभिवृद्धि गरि यस इकाईले प्राबिधिक शाखा, पानी प्रयोगशाला र सेवा प्रदायकहरुको समन्वयमा तथ्यांक अध्यावधिक गर्ने कार्य गर्नेछ ।

- यस खानेपानी तथ्यांक इकाईले प्रत्येक महिना खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको बैठकमा खानेपानी संचालन ब्यबस्थापनको अवस्था र उपभोक्ताहरुलाई उपलब्ध गराएको खानेपानीको सेवा स्तर को अवस्था बिस्लेशण गरि प्रस्तुत गर्नेछ ।
- प्रत्येक बर्ष खानेपानी आयोजनाको "उपभोक्ता सन्तुस्टी सर्भेक्षण गरि एम वास सिसि को बैठकमा प्रस्तुत गर्नेछ ।
- खानेपानी सेवा प्रदायकहरुको स्व मुल्यांकन प्रतिबेदन बार्षिक रुपमा संकलन तथा अध्यावधिक गरि प्रत्येक आयोजनाको खानेपानीको संचालन ब्यबस्थापन अवस्था बिस्लेशण गरि प्रतिवेदन प्रस्तुत गर्नेछ ।

# ७ परिच्छेद ७: कार्य योजना तथा बजेट प्रक्षेपण

## ७.१ गाउँपालिकाको आयश्रोत अनुमान

डु ङ्गे श्वर गाउँ पालिकाको आवधिक योजना २०७६/७७ – २०८०/८१ अनुसार पाँच वर्षको लागि देहाय बमोजिम यस गाउँपालिकाको वार्षिक आय प्रक्षेपण गरिएको छ । आय श्रोत प्रक्षेपण गर्दा प्र दे श सरकार तथा सं घीय सरकारको लगानी समे त प्र क्षे पण गरी यो जनाको लागि उपलब्ध अनु मानित स्र ो तमा समावे श गरे को छ । आवधिक यो जना अनु सार तजु ि मा गरिएको कार्या न्वयन तथा लगानी यो जनामा गाउँ पालिकाको आन्तरिक श्रो त तथा राजस्व बाँ डफाँ डको रकम, अन्तरसरकारी वित्तीय हस्तान्तरण, गै सस तथा समु दायमा आधारित सस्था र समु दाय एवं निजी क्षे त्र, यो जनाको लागि सं भाव्य श्रो त तथा सो को प्र क्षे पण दे हायअनु सार प्र स्तु त गरिएको छ ।

**तालिका नं** ४८: डु ङ्गे श्वर गाउँ पालिकाको आवधिक यो जना अनु सार आ.व. २०७६।७७–२०८०।८१ सम्म पाँ च बर्ष का लागि आय प्र क्षे पण

| आयको श्रो त | आधार वर्ष २०७५।७६ | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
|---|---|---|---|---|---|---|
| आन्तरिक आम्दानी तथा गतको अ.ल्या. | १४५०६३४.९० | १३७४८००० | १५१२२८०० | १६६३५०८० | १८२९८५८८ | २०१२८४४७ |
| सं घिय सरकारको समानीकरण अनु दान | ६६३००००० .०० | ७६६००००० | ८४२६०००० | ९२६८६००० | १०१९५४६०० | ११२१५००६० |
| प्र दे श सरकारको समानीकरण अनु दान | ४९१६०००.०० | १००४०००० | ११०४४००० | १२१४८४०० | १३३६३२४० | १४६९९५६४ |
| सं घिय सशर्त अनु दान | १११८७७१२०.९७ | १११९००००० | १२२२१०००० | १३४४३१००० | १४७८७४१०० | १६२६६१५१० |
| सं घिय राजस्व बाडफाँ ट | ४९७०२०००.०० | ५८५००००० | ६४३५०००० | ७०७८५००० | ७७८६३५०० | ८५६४९८५० |
| प्र दे श शशत्र अनु दान | ० | ६०००००० | ६६००००० | ७२६०००० | ७९८६००० | ८७८४६०० |
| सं घिय समपु रक अनु दान | ६०५८०७५ | ५०००००० | ५५००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० |
| प्र दे श समपु रक अनु दान | १००४६०००.०० | १२०००००० | १३२००००० | १४५२०००० | १५९७२००० | १७५६९२०० |
| प्र दे श बिशे ष अनु दान | ११००००००.०० | ३०००००० | ३३००००० | ३६३०००० | ३९९३००० | ४३९२३०० |
| वहु क्षे त्रिय पो षण कार्य क्रम | १२३८०००.०० | १५३८००० | १६९१८०० | १८६०९८० | २०४७०७८ | २२५१७८६ |
| गरिवसं ग विश्वे श्वर | ३९४०००.०० | ४९५००० | ५४४५०० | ५९८९५० | ६५८८४५ | ७२४७३० |
| प्र दे ह राजस्व वाडफाँ ट कार्य क्रम | ० | ४९५००० | ५४४५०० | ५९८९५० | ६५८८४५ | ७२४७३० |
| सामाजिक सु रक्षा कार्य क्रम | २६९३८०००.०० | ४५१९८००० | ४९७१७८०० | ५४६८९५८० | ६०१५८५३८ | ६६१७४३९२ |
| स्थानिय पू र्वा धार बिकास साझे दारी कार्य क्रम | ४००००००.०० | ७९६८३९१ | ८७६५२३० | ९६४१७५३ | १०६०५९२८ | ११६६६५२१ |
| पु र्वा धार क्षे त्र विकास विषे श कार्य क्रम | ६५००००.०० | १५०१२००० | १६५१३२०० | १८१६४५२० | १९९८०९७२ | २१९७९०६९ |
| साना सिचाँ ई कार्य क्रम | ५८२००००.०० | ० | ० | ० | ० | ० |
| स्थानिय तह क्षामता विकास कार्य क्रम | ३०५०००.०० | ० | ० | ० | ० | ० |
| प्र धानमन्त्री रो जगार कार्य क्रम | ३५१६०००.०० | ० | ० | ० | ० | ० |
| शिक्षा सम्बन्धि कार्य क्रम | १२५००००.०० | ० | ० | ० | ० | ० |
| गरिब घरपरिवार तथा परिचयपत्र बितरण | ११८६००० | ० | ० | ० | ० | ० |
| सडक बो र्ड ने पाल | १०००००० | १०००००० | ११००००० | १२१०००० | १३३१००० | १४६४१०० |
| जम्मा | ३०३९६७२९३.२९ | ३६७६९४३९१ | ४०४४६३८३० | ४४४९१०२१३ | ४८९४०१२३४ | ५३८३४१३५८ |

श्रो तः डु ङ्गे श्वर गाउँ पालिकाको आवधिक गाउँ विकास यो जना २०७६।७७ - २०८०।८१

## ७.२ गाउँपालिकाको क्षेत्रगत बजेट

गाउँ पालिकाको आवधिक यो जना अनु सार विषय क्षे त्रगत ५ बर्ष को बजे ट प्र क्षे पण दे हाय अनु सार प्र स्तु त गरिएको छ । गत आ.व. २०७५।७६ को यथार्थ आय रु. ३० करो ड ३९लाख ६७ हजार २९३ रहे को मा चालू आ.व. २०७६।७७ को अनु मानित आय रु.३६ करो ड ७६लाख ९४ हजार गरिएको छ । यसरी चालू आ.व.को अनु मानित आय र सो को कम्तिमा पनि वार्षि क १० प्र तिशतका दरले आयबृ द्धि हु नसक्ने आधारमा ५ वर्ष को कु ल अनु मानित आय गणना गर्दा गाउँ पालिकाको कु ल आय करीव रु ३ अर्व ४९ करो ड ०३ लाख ४८ हजार १ सय ९१ रुपै या हु ने दे खिन्छ ।

### तालिका नं ४९: गाउँपालिकाको आवधिक योजना २०७६/७७-२०८०/८१ अनुसार ५ वर्षको क्षेत्रगत बजेट

| विषय क्षे त्र | कु ल अनमु ानित लागत रु. | प्र तिशत |
|---|---|---|
| १. आर्थि क विकास | ३१११२०२०० | ८.९१ |
| कृ षि विकास | ११०४८००० | ३.१७ |
| सिं चाई | ९९६५०००० | २.८६ |
| पशु विकास | ४३६८९०००० | १.२५ |
| उद्यम तथा व्यवसाय | २५०३५००० | ०.७२ |
| पर्य टन विकास | २८४९९००० | ०.८२ |
| बै ंक तथा वित्तिय सं स्था | ३७६६२०० | ०.११ |
| २. सामाजिक विकास | ४९,७३,१६,००० | १४.२५ |
| शिक्षा | ३३,३९,४५,००० | ९.५७ |
| स्वास्थ्य | ४३०९१००० | १.२३ |
| खाने पानी तथा सरसफाई | १०१०००००० | २.८९ |
| लक्षित वर्ग तथा समावे शीकरण | १७८४०००० | ०.५१ |
| यु वा तथा खे लकू द | ८१०००० | ०.०२ |
| कला सं स्कृ ति | ६३०००० | ०.०२ |
| ३. पू र्वा धार विकास | २६२१८२९९९९ | ७५.१२ |
| सडक तथा यातायात | २२६५०००००० | ६४.८९ |
| आवास तथा वस्ती | ३१७९१९९९९ | ९.११ |
| विद्यु त तथा बै कल्पिक उर्जा | ३७४१०००० | १.०७ |
| सू चना तथा सं चार | १५००००० | ०.०४ |
| ४. वन, वातावरण तथा विपद व्यवस्थापन | ४०२६०००० | १.१५ |
| वन तथा जै विक विविधता | ५०४०००० | ०.१४ |
| जलाधार तथा भु मि सं रक्षण | २५२००००० | ०.७२ |
| वातावरण तथा स्वच्छता | ४९८०००० | ०.१४ |

| विषय क्षेत्र | कुल अनुमानित लागत रु. | प्रतिशत |
|---|---|---|
| विपद व्यवस्थापन | ५०४०००० | ०.१४ |
| ५. सुशासन तथा संस्थागत विकास | १,९८,२१,९९२ | ०.५७ |
| ऐन, नियम तथा कार्यविधि र जवाफदेहिता | २९,९९,९९२ | ०.०९ |
| संस्थागत तथा मानव संसाधन क्षमता | १,४०,००,००० | ०.४० |
| श्रोत परिचालन | १४,७२,००० | ०.०४ |
| योजना व्यवस्थापन | १३,५०,००० | ०.०४ |
| कुल बजेट | ३,४९,०३,४८,१९१ | १००.०० |

श्रोतः डुङ्गेश्वर गाउँपालिकाको आवधिक गाउँ विकास योजना २०७६।७७-२०८०।८१

यस गाउँ पालिकाको आवधिक योजना २०७६/७७-२०८०/८१ अनुसार गाउँपालिकाको औसत वार्षिक बजेट रु ६९ करोड रहेकोमा खानेपानीको विकास क्षेत्रमा यस गाउँपालिकामा औसत वार्षिक बजेट रु २ करोड खर्च योजना गरेको देखिन्छ।

## ७.३ खानेपानी रणनीतिक कार्य योजना सन् २०२१-२०३०

डुङ्गेश्वर गाउँपालिकाले खानेपानी रणनीति कार्यन्वयन गर्नको लागि रणनीतिक कार्ययोजना तथा लागत अनुमान तयार गरेको छ। सन् २०२५ सम्ममा ३५८ घरधुरीलाई उच्च स्तरको खानेपानी सेवा पुराउने, २७९७ घरधुरीलाई मध्यम र ५९१ घरपरिवारहरुलाई आधारभुत स्तरको खानेपानी सेवा पुराउने कार्य योजना बनाएको छ। जसका लागि ५ वर्ष (सन् २०२१-२०२५) का लागि रु २८६,७३५,००० लागत अनुमान गरेको छ।

सन् २०२५ सम्ममा निम्न अनुसारको खानेपानी सेवास्तर उन्नति भएको हुनेछ।

- उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या:

    ३५८

- मध्यम स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या:

    २७९७

- आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या:

    ५९१

सन् २०२८ सम्ममा २१५४ घरधुरीमा उच्चस्तरको खानेपानी सेवा पुराउने र १५९२ घर परिवारहरुमा मध्यम स्तरको खानेपानी सेवा पुराउने कार्ययोजना बनाएको छ । जसका लागि सन् २०२६-२०२८ सम्म ३ वर्षका लागि रु २८५,९५०,००० लागत अनुमान गरेको छ।

सन् २०२८ सम्ममा निम्न अनुसारको खानेपानी सेवास्तर उन्नति भएको हुनेछ।

- उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या:

    २१५४

    - ठुला निर्माण कार्य र आयोजनाको संचलन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या

        १३५८

    - मध्यम स्तरका आयोजनाको संचालन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या

        ७९६

- मध्यम स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या:

    १५९२

सन् २०३० सम्ममा गाउँपालिकाका सबै घरपरिवारहरु (३७४६ घरधुरी) लाई उच्च स्तरको खानेपानी सेवा पुराउने कार्य योजना बनाएको छ। जसका लागि अन्तिम २ वर्ष (सन् २०२९-२०३० सम्म) का लागि रु २१२,५५०,००० लागत अनुमान गरेको छ।

सन् २०३० सम्ममा निम्न अनुसारको खानेपानी सेवास्तर उन्नति भएको हुनेछ।

- उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: ३७४६
    - ठुला निर्माण कार्य र आयोजनाको संचलन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या २३५८
    - मध्यम स्तरका आयोजनाको संचालन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या १३८८

माथि उल्लेखित निर्माण कार्यका लागि गरिएको लागत अनुमानका अतिरिक्त खानेपानी आयोजनाको संचालन ब्यबस्थापन र गाउँपालिकाको क्षमता अभिवृद्धि गरि यस खानेपानी रणनीतिक कार्ययोजना कार्यन्वयन गर्नको लागि २०२१ देखि २०३० सम्म १० वर्षको लागि रु १६६,४३९,००० लागत अनुमान गरेको छ।

यसरि सन् २०२१ देखी २०३० सम्म यस खानेपानी रणनीति कार्यन्वयन गर्न कुल जम्मा रु ९५१,६७४,००० लागत अनुमान गरेको छ। बिस्तृत कार्ययोजना तथा लागत अनुमान तालिका नं. ५० मा प्रस्तुत गरिएको छ।

तालिका नं ५०: डु ङ्गे श्वर गाउँ पालिकाको रणनीतिक कार्ययोजना तथा लगानी अनुमान

## –. पहिलो कोसेढुंगा: सन् २०२१ देखि २०२५ सम्म (५ वर्ष) मा सबैलाई आधारभूत खानेपानी सेवा पुराउने ।

| क्रियाकलाप | | | आयोजना संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|
| १ | आयोजनाको सेवास्तर मध्यम पुराउने | | | | |
| | १.१ | विद्यमान आयोजनाको सेवास्तर सुधार गरि मध्यम सेवा स्तरमा पुराउने । (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) | | | |
| | | जसको लागि निम्न आयोजनाहरुको पुन: निर्माण गरिनेछ । | | | |
| | | कुनै पनि धारा संचालनमा नरहेका खानेपानी आयोजना (६ आयोजना, ९४ परिवार संख्या) | ६ | ९४ | १०,४२० |
| | | १००% धाराको पानीको परिमाण सेवास्तर आधारभूत भन्दा तल रहेका आयोजना | ० | ० | - |
| | | ८०% धाराको पहुँच सेवास्तर आधारभुत भन्दा तल रहेका आयोजना (१० आयोजना, १९५ परिवार संख्या) | १० | १९५ | २१,३६० |
| | | पाइपलाइन नभएका मुहान/पँधेरो सुधार आयोजना (१ आयोजना, ४ परिवार संख्या) | १ | ४ | ५२० |
| | | समग्र सेवास्तर आधारभूत भन्दा तल रहेका छुट्टै संस्थागत आयोजना (संस्थाको लागि मात्र बनाइएको, समुदायको लागि कुनै पनि धारा वितरण नभएका आयोजना मात्र) (० स्वास्थ्य संस्था, ३ विद्यालय) । यस्ता आयोजनाको पुन: निर्माण र संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य | ३ | | ३,७५० |
| | | पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेका आयोजना (८ आयोजना, ५०३ परिवार संख्या, ४ स्वास्थ्य संस्था, १० विद्यालय) | ८ | ५०३ | ५३,३२० |

| | | | क्रियाकलाप | आयोजना संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|---|
| | | | पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेका संस्थाहरु (४ स्वास्थ्य संस्था, १० विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | १४ | | ७,७०० |
| | | | खानेपानी सेवा स्तर सर्भेक्षण नभएका विद्यमान खानेपानी आयोजनाहरु (४ आयोजना, २५२ परिवार संख्या) | ४ | २५२ | २६,७०० |
| | | | | | | |
| | १.२ | **विद्यमान आयोजनाहरुमा पूर्ण रुपमा निजि धारा प्रणालीमा स्तर उन्नति निर्माण कार्य गरि मध्यम सेवास्तरमा पुराउने ।** (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) | | | | |
| | | | पानीको परिमाण सेवा स्तर मध्यम रहेका विद्यमान आयोजना (१६ आयोजना) | १६ | २९३ | १६,०९० |
| | | | संस्थाहरु (० स्वास्थ्य संस्था, ० विद्यालय) | ० | | - |
| | १.३ | **हाल पाइपलाइन खानेपानी आयोजना नभएका वस्तीहरुमा मध्यम सेवा स्तरको नयाँ आयोजना निर्माण गर्ने ।** (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) | | | | |
| | | | हाल पाइपलाइन खानेपानी आयोजना नभएका वस्तीहरुमा अनुमानित नयाँ आयोजना (५३ आयोजना, ७३३ परिवार संख्या) | ५३ | ७३३ | ८१,८२० |
| | | | संस्थाहरु (१ स्वास्थ्य संस्था, ५ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | ६ | | ३,३०० |
| | | | छुट्टै खानेपानी आयोजना भएका संस्थाहरु (० स्वास्थ्य संस्था, ५ विद्यालय) । नयाँ आयोजना निर्माण र संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | ५ | | ६,५०० |
| | १.४ | हालै सम्पन्न भएका र हाल निर्माणाधीन रहेका निजि धारा प्रणालीका खानेपानी आयोजनहरुमा संचालन ब्यबस्थापन राम्रो | | | | |

| क्रियाकलाप | | | | आयोजना संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|---|
| | | बनाई मध्यम सेवा स्तरमा पुराउने । (ब्यबस्थापन लागत अनुमान शिर्षक घ मा समाबेश छ) । (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) | | | | |
| | | | हालै सम्पन्न भएका खानेपानी आयोजनहरु (११ आयोजना, ३९१ घरपरिवार, ० स्वास्थ्य संस्था, ३ विद्यालय) | ११ | ३९१ | |
| | | | संस्थाहरु (० स्वास्थ्य संस्था, ३ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | ३ | | १,६५० |
| | | | हाल निर्माणाधीन रहेका खानेपानी आयोजनहरु (७ आयोजना, १०५४ घरपरिवार, ३ स्वास्थ्य संस्था, ७ विद्यालय) | ७ | १०५४ | |
| | | | संस्थाहरु (३ स्वास्थ्य संस्था, ७ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | १० | | ५,५०० |
| | | | | | | |
| २ | **विद्यमान खानेपानी आयोजनाको सेवास्तर वृद्धि गरि उच्चस्तरमा पुराउने ।** (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) | | | | | |
| | | विद्यमान खानेपानी आयोजनालाई निजि धारा प्रणालीमा उच्च स्तरको निर्माण सुधार गर्ने | | | | |
| | २.१ | पानीको परिमाण सेवा स्तर उच्च रहेका खानेपानी आयोजना (२१ आयोजना, ३५८ परिवार संख्या) | | २१ | ३५८ | ३०,१३५ |
| | | | संस्थाहरु (१ स्वास्थ्य संस्था, ० विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | १ | | ५५० |
| ३ | **विद्यमान खानेपानी आयोजनाको सेवास्तर ब्रिद्धी गरि आधारभूत स्तरमा पुराउने ।** (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) | | | | | |
| | ३.१ | विश्वसनीयता सेवास्तर आधारभूत भन्दा तल रहेका वा गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेका मूल मुहान भएका विद्यमान | | २४ | ५५८ | ७,०२६ |

| | | क्रियाकलाप | आयोजना संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|
| | | आयोजनाहरुको साना मर्मत र मुख्य रुपमा संचालन ब्यबस्थापन र पानी सुरक्षा योजना ब्यबस्थापनमा सुधार गरि आधारभूत सेवास्तरमा स्तरउन्नति गर्ने । (२४ आयोजना, ५५८ परिवार संख्या, २ स्वास्थ्य संस्था, ६ विद्यालय) | | | |
| | | संस्थाहरु (२ स्वास्थ्य संस्था, ६ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | ८ | | ४,४०० |
| | ३.२ | आधारभूत भन्दा तल रहेका बाँकि विद्यमान आयोजनाहरुको सेवा स्तर उन्नति निर्माण गरि आधारभूत स्तरमा पुराउने (२ आयोजना, ३३ घरपरिवार संख्या, ० स्वास्थ्य संस्था, १ विद्यालय) | २ | ३३ | ४४४ |
| | | संस्थाहरु (० स्वास्थ्य संस्था, १ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य । | १ | | ५५० |
| ४ | | बजार वा घना वस्ती भएका क्षेत्रमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माणको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने । यसको लागि कम्तिमा एक वर्ष सम्म श्रोतको पानीको परिमाणको मासिक रुपमा नाप र पानीको गुणस्तर मासिक रुपमा परिक्षण गरि डी.पी.आर. तयार गर्दा तथ्यांक विश्लेषण गरि सुधारका उपायहरु अबलम्बन गर्ने । (३ आयोजना, १००० घरपरिवार) | | | ५,००० |
| | **जम्मा (क)** | | **१५८** | **३७४६** | **२८६,७३५** |

*नोटः घर संख्या गणना गर्दा हाल निर्माणाधीन रहेका आयोजना र हालै सम्पन्न भएका आयोजनाहरुले समेटेका घरसंख्या मध्ये ५०% घरसंख्या विद्यमान खानेपानी आयोजनाहरु भित्रकै रहेको अनुमान गरीएको छ।*

## = . दोश्रो कोसेढुंगा: सन् २०२६ देखि २०२८ सम्म (३ वर्ष) मा सबैलाई मध्यम स्तरको खानेपानी सेवा पुराउने।

| | क्रियाकलाप | आयोजना संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|
| १ | आधारभूत स्तरका खानेपानी आयोजनको स्तर उन्नति निर्माण गरि मध्यम स्तरको बनाउने (२६ आयोजना, ५९१ घरपरिवार) । (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) | २६ | ५९१ | ६४,३०० |
| २ | खानेपानीको सेवास्तर उन्नति गर्न बाँकि रहेका संस्थाहरुमा मध्यम स्तरको खानेपानी सेवा पुराउने (२ स्वास्थ्य संस्था, ६ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गरि मध्यम सेवा स्तरमा पुराउने । | ८ | | ४,४०० |
| ३ | बजार वा घना वस्ती भएका क्षेत्रमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माण । (३ आयोजना, १००० घरपरिवार) । (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) | ३ | १००० | २०९,००० |
| ४ | मध्यम सेवा स्तरमा रहेका संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने (३ स्वास्थ्य संस्था, ६ विद्यालय) । यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गर्ने । | ९ | | ३,१५० |
| ५ | थप बजार वा घना वस्ती भएका क्षेत्रहरुमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माणको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने । यसको लागि कम्तिमा एक वर्ष सम्म श्रोतको पानीको परिमाणको मासिक रुपमा नाप र पानीको गुणस्तर मासिक रुपमा परिक्षण गरि डी.पी.आर. तयार गर्दा तथ्यांक विश्लेषण गरि सुधारका उपायहरु अबलम्बन गर्ने । (६ आयोजना, १००० घरपरिवार) | | | ५,००० |
| | **जम्मा (ख)** | २९ | १,५९१ | २८५,९५० |

## ≡. तेश्रो कोसेढुंगा: सन् २०२९ देखि २०३० सम्म (२ वर्ष) मा सबैलाई उच्च स्तरको खानेपानी सेवा पुराउने।

| क्रियाकलाप | | | आयोजना संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|
| १ | सबैलाई उच्चस्तरको खानेपानी सेवा पुराउने | | | | |
| | १.१ | बजार वा घना वस्ती भएका क्षेत्रमा उच्चस्तरको नयाँ खानेपानी आयोजना निर्माण । (६ आयोजना, १००० घरपरिवार) (समाबेशी खानेपानी रणनीति कार्यन्वयन गर्ने गरि) | ६ | १००० | २०९,४०० |
| | १.२ | मध्यम सेवा स्तरमा रहेका संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने (३ स्वास्थ्य संस्था, ६ विद्यालय) । यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गर्ने । | ९ | | ३,१५० |
| | १.३ | मध्यम सेवा स्तरमा रहेका आयोजनाहरुलाई राम्रो संचलन तथा मर्मत सुधार ब्यबस्थापन गरि उच्च स्तरमा पुराउने र सम्पूर्ण आयोजनाहरुको राम्रो संचलन ब्यबस्थापन गर्ने । (लागत अनुमान शीर्षक "घ" मा प्रस्तुत गरिएको छ) । | | | |
| | **जम्मा (ग)** | | ६ | १००० | २१२,५५० |
| | | | | | |
| **जम्मा (क+ख+ग)** | | | १५८ | ३७४६ | ७८५,२३५ |

## ङ. खानेपानी आयोजनाको संचालन ब्यबस्थापन र खानेपानी रणनीति कार्यन्वयन गर्नको लागि गाउँपालिकाको क्षमता अभिवृद्धि कार्यक्रमः सन् २०२१ देखि २०३० सम्म (१० वर्ष)

| क्रियाकलाप | | | आयोजना संख्या | घर संख्या | जम्मा अनुमानित बजेट (रु. हजार) |
|---|---|---|---|---|---|
| १ | खानेपानी आयोजनाको संचालन ब्यबस्थापन र खानेपानी रणनीति कार्यन्वयन गर्नको लागि गाउँपालिकाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम । सन् २०२१ देखि २०३० सम्मको अनुमानित लगानी । | | | | |
| | १.१ | गाउँपालिकाका सम्पूर्ण खानेपानी आयोजनाहरुको संचालन ब्यबस्थापन गर्न क्षमता अभिब्रिधि तथा सहकार्य कार्यक्रम | १५८ | ३७४६ | ६८,४३९ |
| | १.२ | गाउँपालिकामा खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला स्थापना तथा संचालन | | | ३२,००० |
| | १.३ | गाउँपालिकामा खानेपानी तथा सरसफाई शाखा स्थापना तथा संचालन | | | ४८,००० |
| | १.४ | गाउँपालिकामा खानेपानी तथा सरसफाई तथ्यांक युनिट स्थापना तथा संचालन | | | 18,000 |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा (घ) | | | १६६,४३९ |
| | | | | |
| कुल जम्मा (क+ख+ग+घ) | | १५८ | ३७४६ | ९५१,६७४ |

## ७.४ खानेपानी रणनीति सन् २०२१-२०३० बजेट प्रक्षेपण

डु ङ्गे श्वर गाउँपालिकाको खानेपानी रणनीतिको लक्ष्य, रणनीति तथा प्राथमिकता (परिच्छेद ४) अनुसार यस गाउँपालिकाले यस रणनीति कार्यन्वयन गर्न सन् २०२१ देखि सन् २०३० सम्मको विस्तृत कार्य योजना तयार गरेको छ (माथिको तालिका नं. ५०)। उक्त खानेपानी रणनीतिक कार्य योजना कार्यन्वयन गरि सन् २०३० सम्मको निर्धारित लक्ष्य हासिल गर्न देहाय बमोजिमको लागत प्रक्षेपण गरिएको छ। यस प्रक्षेपित् लागतमा मूल्य वृद्धि राखिएको छैन (तालिका ५१)।

तालिका नं ५१: डु ङ्गे श्वर गाउँ पालिकाको खानेपानी रणनीति सन् २०२१-२०३० कार्यन्वयन गर्न लाग्ने बार्षिक लागत प्रक्षेपण

| वर्ष (सन्) | वार्षिक लागत प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|
| | पहिलो कोसेढुंगा : ५ वर्ष, सन् २०२०-२०२५: लक्ष्य १ : सबैलाई आधारभूत स्तरको खानेपानी सुबिधा सन् २०२५ सम्ममा पुराउने। | दोश्रो कोसेढुंगा : ३ वर्ष, सन् २०२६–२०२८: लक्ष्य २: सबैलाई मध्यम स्तरको खानेपानी सुबिधा सन् २०२८ सम्ममा पुराउने। | तेश्रो कोसेढुंगा : २ वर्ष, सन् २०२९ – २०३०: लक्ष्य ३: सबैलाई उच्च स्तरको खानेपानी सुबिधा सन् २०३० सम्ममा पुराउने। | जम्मा |
| 2021 | 73990.9 | | | 73990.9 |
| 2022 | 73990.9 | | | 73990.9 |
| 2023 | 73990.9 | | | 73990.9 |
| 2024 | 73990.9 | | | 73990.9 |

| | | | | |
|---|---|---|---|---|
| 2025 | 73990.9 | | | 73990.9 |
| 2026 | | 111960.5667 | | 111960.5667 |
| 2027 | | 111960.5667 | | 111960.5667 |
| 2028 | | 111960.5667 | | 111960.5667 |
| 2029 | | | 122918.9 | 122918.9 |
| 2030 | | | 122918.9 | 122918.9 |
| कुल जम्मा | 369954.5 | 335881.7 | 245837.8 | 951674 |

## ७.५ श्रोत परिचालन रणनीति

खानेपानी रणनीति कार्यन्वयनको लागि सन् २०२१ देखि सन् २०३० सम्म १० वर्षको लगानी अनुमान प्रस्तुत गरिएको छ। जसमा कुल लगानी रु. ९५१,६७४,००० अनुमान गरिएको छ। पहिलो पाँच वर्षमा लगानी वार्षिक रु. ३६९,९५४,५०० अनुमान गरिएको छ, छैटौं-आठौ वर्षमा वार्षिक रु. ३३५,८८१,७०० र नवौं र दशौँ बर्षमा रु. २४५,८३७,८०० लगानी अनुमान गरिएको छ।(तालिका नं. ५१)

गाउँपालिकाको आवधिक योजना अनुसार वि.सं. २०७६/७७ देखि २०८०/८१ सम्म गाउँपालिकाले वार्षिक रु. २ करोड खानेपानी तथा सरसफाईमा लगानी गर्ने गरेको देखिन्छ (तालिका ४९) । यसका अतिरिक्त संघिय सरकार र विकास साझेदारहरुको यस गाउँपालिकाको खानेपानी सेवा उन्नतिमा सिधा लगानी भएको देखिन्छ। बिगत वर्षहरुमा यस गाउँपालिकाको खानेपानी क्षेत्रमा लगानी

हेर्दा, यस खानेपानी रणनीतिक योजनाको लक्ष्य हासिल गर्न तथा रणनीति कार्यन्वयन गर्नको लागि गाउँपालिकाले थप प्रभाबकारी समन्वय, सहकार्य र ब्यबस्थापन गर्नुपर्ने देखिन्छ । तसर्थ, यस गाउँपालिकाले खानेपानी रणनीति कार्यान्वयन गर्न अनुमान गरिएको लगानीका लागि नपुग बजेटको श्रोत परिचालनको लागि देहाय अनुसारका रणनीति अख्तियार गर्नेछ।

- संघिय सरकार संग अनुदान बढाउन पैरवी गर्ने।
- प्रदेश सरकार संग अनुदान बढाउन पैरवी गर्ने।
- संघिय सरकार संग रणनीति अनुसारका ठुला आयोजना निर्माणको लागि माग गर्ने।
- प्रदेश सरकार संग रणनीति अनुसारका ठुला आयोजना निर्माणको लागि माग गर्ने।
- अन्तरिक श्रोत विद्युत उत्पादन, जडिबुटी, खनिज, कर दस्तुर, शुल्क आदि बढाउने।
- विकास साझेदार तथा गैर सरकारी संस्थाहरुसंग साझेदारी र सहकार्य गर्ने।
- जनश्रमदान, स्थानीय श्रोत, स्थानीय निर्माण सामग्री आदिमा समुदायको योगदानमा वृद्धि गर्ने।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम, अपांगता भएका व्यक्तिहरुको लागि खानेपानीको पहुँच पुराउने कार्यक्रम, र महिला / गरिब घरपरिवारको आय आर्जन वृद्धि गर्ने

कार्यक्रमको लागि संघिय सरकार, प्रदेश सरकार र विकास साझेदारहरुसंग साझेदारी गर्नको लागि खोज गर्ने।

# ८ परिच्छेद ८: अनुगमन र समिक्षा

यस खानेपानी रणनीति सन् २०२०-२०३० र खानेपानी आयोजना संचालन तथा मर्मत सम्भार ब्यबस्थापन कार्यान्वयनको अनुगमन र समिक्षा गर्ने कार्य गाउँपालिकाले देहाय अनुसार गर्नेछ।

- वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले खानेपानी रणनीति कार्यन्वयन र खानेपानी संचालन तथा मर्मत सम्भार ब्यबस्थापनको अनुगमन मासिक रुपमा गर्नेछ।
- पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले खानेपानी रणनीति कार्यन्वयन र खानेपानी संचालन तथा मर्मत सम्भार ब्यबस्थापनको अनुगमन मासिक रुपमा गर्नेछ।
- प्रत्येक ६ महिनामा खानेपानी रणनीति कार्यन्वयन र खानेपानी संचालन तथा मर्मत सम्भार ब्यबस्थापन तथा सेवा स्तर अबस्थाको तथ्यांक पुर्णरुपमा अध्यावधिक गरिनेछ। तथ्यांक अध्यावधिक असार र पौष महिनामा गरिने छ। यस तथ्यांक विश्लेषण तथा प्रतिबेदनको समिक्षा पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले गर्नेछ।
- खानेपानी उपभोक्ता सन्तुष्टि सर्बेक्षण चैत्र देखि जेस्ठ महिना सम्ममा गरिनेछ। यस सर्भेक्षणबाट घरधुरी स्तरको खानेपानी सेवा स्तर अवस्थाको विस्लेषण गरिनेछ। घरधुरी स्तरको सन्तुष्टि सर्भेक्षण गर्दा पिछडिएका वर्ग,

अल्पसंख्यक वर्ग, जोखिममा रहेका वर्ग र अपांगता भएका व्यक्तिहरुको आबश्यकतालाई विशेष केन्द्रमा राखेर सर्भेक्षण तथा विश्लेषण गरिनेछ। साथै महिला र विपन्न घर परिवारको आय आर्जनमा खानेपानी आयोजनाले गरेको सहयोग र त्यसबाट भएको प्रगतिको समेत सर्भेक्षण गरिनेछ। यस सर्भेक्षणको प्रतिबेदनको समिक्षा पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले गर्नेछ।

- खानेपानी रणनीति कार्यन्वयन र खानेपानी संचालन ब्यबस्थापन अबस्थाको अनुगमन र समिक्षा प्रत्येक वर्ष श्रावण- भद्र र माघमा महिनामा गाउँपालिकाको कार्य पालिकाले गर्नेछ। आयोजना तथा घरधुरी स्तरको खानेपानी सेवा स्तर अबस्थाको तथ्यांक अद्यावधिक गरि सूचक अनुसारको अवस्था विश्लेषण गरि कार्य पालिकाले अनुगमन तथा समिक्षा गर्नेछ। कार्यपालिकाले खानेपानी रणनीतिक योजनाको कार्यान्वयन लक्ष्य प्राप्त उन्मुख भए नभएको अनुगमन तथा समिक्षा गरि आगामी कार्यदिशा निर्दिष्ट गर्नेछ।
- आयोजनको खानेपानी सेवास्तर सुधार अबस्था गाउँपालिकाको वेबसाइटमा राखी सार्वजनिक गरिनेछ।

यस खानेपानी रणनीति कार्यन्वयनको अनुगमन तथा समिक्षाको सारांस देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ। (तालिका नं. ५२)

तालिका नं ५२: खानेपानी रणनीति कार्यन्वयन अनुगमन तथा समिक्षा तालिका

| पालिकाको अनुगमन गर्ने तह | कसले गर्ने ? | किन गर्ने? | कसरि गर्ने ? | कहिले गर्ने ? |
|---|---|---|---|---|
| वडा तह | वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति | खानेपानी रणनीति कार्यन्वयन र खानेपानी संचालन तथा मर्मत सम्भार ब्यबस्थापनको अनुगमन, समिक्षा, सुझाव गर्न साथै समावेशीको अवस्था मुलायांकन गर्न | आयोजनाको स्थलगत अनुगमन | मासिक रुपमा |
| पालिका तह | पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति | खानेपानी रणनीति कार्यन्वयन र खानेपानी संचालन तथा मर्मत सम्भार ब्यबस्थापनको अनुगमन, समिक्षा, सुझाव गर्न | आयोजनाको स्थलगत अनुगमन | मासिक रुपमा |
| | | खानेपानी सेवा स्तर उन्नति, अपांगता भएका व्यक्ति, अल्पसंख्यक, बन्चितमा परेका आदिको खानेपानीमा पहुँचको उन्नति विश्लेषण गर्न। | तथ्यांक संकलन, पानीको गुणस्तर परिक्षण, सेवा स्तर विश्लेषण, आदि (तथ्यांक युनिट, पानी परिक्षण | तथ्यांक अध्यावधिक असार र पौष महिनामा गरिने छ (प्रत्येक ६- |

| पालिकाको अनुगमन गर्ने तह | कसले गर्ने ? | किन गर्ने? | कसरि गर्ने ? | कहिले गर्ने ? |
|---|---|---|---|---|
| | | | प्रयोगशाला र खानेपानी शाखा धारा) | ६ महिनामा) |
| | | यस सर्भेक्षणबाट घरधुरी स्तरको खानेपानी सेवा स्तर अवस्थाको विस्लेषण गरिनेछ।<br>घरधुरी स्तरको सन्तुष्टि सर्भेक्षण गर्दा पिछडिएका वर्ग, अल्पसंख्यक वर्ग, जोखिममा रहेका वर्ग र अपांगता भएका व्यक्तिहरुको आबश्यकतालाई विशेष केन्द्रमा राखेर सर्भेक्षण तथा विश्लेषण गरिनेछ।<br>साथै महिला र विपन्न घर परिवारको आय आर्जनमा खानेपानी आयोजनाले | खानेपानी उपभोक्ता सन्तुष्टि सर्भेक्षण गर्ने | प्रत्येक वर्ष चैत्र देखि जेस्ठ महिना सम्ममा गरिनेछ। |

| पालिका को अनुगमन गर्ने तह | कसले गर्ने ? | किन गर्ने? | कसरि गर्ने ? | कहिले गर्ने ? |
|---|---|---|---|---|
| | | गरेको सहयोग र त्यसबाट भएको प्रगतिको समेत सर्भेक्षण गरिनेछ। | | |
| पालिका तह | गाउँ कार्यपालिका | खानेपानी रणनीति कार्यन्वयन र खानेपानी संचालन ब्यबस्थापन अबस्थाको अनुगमन र समिक्षा र आबश्यक निर्णय गर्नेछ।<br><br>खानेपानी रणनीतिक योजनाको कार्यान्वयन लक्ष्य प्राप्त उन्मुख भए नभएको अनुगमन तथा समिक्षा गरि आगामी कार्यदिशा निर्दिष्ट गर्नेछ। | आयोजना तथा घरधुरी स्तरको खानेपानी सेवा स्तर अबस्थाको तथ्यांक अद्यावधिक गरि सूचक अनुसारको अवस्था विश्लेषण गरि कार्य पालिकाले अनुगमन तथा समिक्षा गर्नेछ। | प्रत्येक वर्ष श्रावण-भाद्र र माघमा महिनामा |